# एक कैदि

...यहाँ निर फेरी पनि एकपटक प्रभु येशूको नाउमा एकत्र भएकोमा, महान् र शक्तिशाली कामको विषयमा सुन्न जुन तपाईले पहिले नै गरिसक्नुभएको छ। र अब हामी अपेक्षाका साथ खडा हुदछौ, विश्वासलाई उचाली र अभिषेक गरि, यो विश्वास गर्न कि जे कुरा मागिएको छ सो आज राति प्रदान गरिनेछ। तपाईले प्रत्येकलाई जान्नुहुन्छ, ती सबै जुन तिनीहरुले अनुरोध गरेका छन्। र प्रभु विषेश गरि हामी तिनीहरुको निम्ति प्रार्थना गर्दछौ जो मृत्युको अति नै नजिक छ। तिनीहरुको प्राणलाई शान्ति दिनुहोस् यदि त्यो त्यहाँ पहिले देखिनै छैन भने। तिनीहरुको शरीरमा चंगाई ल्याउनुहोस्। प्रदान गर्नुहोस्, प्रभु।

2 हाम्रो भेलालाई आषिश दिनुहोस्। हामी—हामी प्रार्थना गर्छौ, प्रभु, यस बुधबार रातको प्रार्थनाको सभामा, जसै हामी भेला भएका छौ, यो जानेर कि जहाँ दुइ कि तिनजना भेला हुदछ, तपाई हामीसंग हुनुहुनेछ। र हामी माग्दछौ, प्रभु, कि आजराती तपाईको वचन हामीलाई दिनुहोस्। हामीमा बोल्नुहोस्, प्रभु, र अनौठो तरिकाले हाम्रो हृदयहरुमा न्यानोपन दिनुहोस्, ताकि हामीले जान्न सकौ कसरी त्यो आउदै गरेको महान् समयको निम्ति हामीले आफैलाई अनुसाशित बनाउन सकौ, किनकि हामी विश्वास गर्छौ कि हामी प्रभुको आगमनको दिन नजिकै आएका छौ।

3 हामी तपाईलाई ती मानिसहरुको निम्ति धन्यवाद दिन्छौ जसलाई विश्वास प्यारो हुन थालेको छ, र विश्वास के हो भनि जानेका छन्। र यो जान्दछौ, र धन्यवाद दिदछौ यी हुनलागेको सेवाहरुको निम्ति, र विश्वास गर्दछौ कि तपाईले केहि गर्नुहुन्छ भनि। प्रभु, हामी अपेक्षाका साथ प्रतिक्षा गररहेका छौ, जस्तो ती पुराना दिनहरुमा थियो, यो विश्वास गरि कि समय निकट छ जब तपाईले मात्र स्वर्गका झ्यालहरु खोल्नुहुनेछ र प्रतिज्ञाहरु पोख्नुहुनेछ जुन परमेश्वरले ती अन्तिम दिनहरुको निम्ति प्रतिज्ञा गर्नुभएको थियो।

4 अब हामी माग्दछौ, प्रभु, पुरै देश भरि र सबै जना संग तपाई हुनुहोस्, जसरी आज हामीले धेरै सुनेका छौ, सबै ठाउमा जो आवश्यकतामा छन्। तिनीहरुको अनुरोध प्रधान गर्नुहोस्, प्रभु। र हामी तपाईको महान् हातको कार्य सारा संसार भरि ती मानिसहरुको माझमा भएको देख्नको निम्ति प्रार्थना गर्दछौ जो यो महान् कुरा हेर्नको निम्ति बसेका छन्।

5 हाम्रो पापबाट हामीलाई क्षमा दिनुहोस्। हामीलाई तपाईको आत्मा र तपाईको वचनले ताडना दिनुहोस्, प्रभु ताकि हामीले आफैलाई अनुशासित पार्नसकौ आज्ञाकारी दासको रूपमा, परमेश्वरको इच्छामा आज्ञाकारी दासहरु बनाउनुहोस्। हामी स्मरण गरौ, र विचार गर्ने कोषीस गरौ कि अघिल्ला समयका इसाईहरुले के गरेका थिए भनि। हामी कस्तो प्रकारको मानिस हुन्थ्यौ यदि हामीसंग व्यक्तिगत रूपमा सम्पर्कमा रहेका मानिसहरुले तपाईलाई भेटे भने। कसरी तिनीहरुको मुहार विश्वास र खुसीले उज्यालो हुनेथियो। कसरी तिनीहरुको जीवन जीवित परमेश्वरको वचन हुनेथियो, तिनीहरु मात्र “लेखिएको पत्र

जसलाई सबै मानिसले पढ्थे," जस्तो तिनीहरु मानिसहरुमा र तिनीहरुमध्ये हिड्दथे। फेरी पनि त्यो प्रदान गर्नुहोस्, परमेश्वर।

6 हुनसकोस् कि हाम्रो जीवन तपाईमा यति समर्पित होस्, कि पवित्र आत्मा आफै हामीद्वारा जिएको होस्, र हामीद्वारा बोलेको होस्, प्रभु। हामीले यो मनमा याद गर्न सकौ कि जसै हामी सडकमा हिड्दछौ र संसारसंग अँगालो मारेर हिड्दछौ, हामी तिनीहरु जस्तै हुनुहुदैन थियो। र हामी एकतर्फि हुन्छौ र तिनीहरुलाई स्थान दिन्छौ, प्रभु, तब तिनीहरुको वास्तविक स्थान दिदछौ यस पृथ्वीमा। हामी पछिल्लो आसन लिन्छौ, यो जानेर कि हामी अर्को संसारको प्रतिनिधिहरु हौ। हाम्रो एउटा राज्य छ जुन शक्तिमा आउदैछ, प्रभु। र हाम्रा महान् राजा छिटै आईपुग्नुहुनेछ र सबै राज्यहरुमा हाबी हुनुहुनेछ जुन तिनीहरुको शाशनमा छ। र उहाले राज गर्नुहुनेछ र शाशन गर्नुहुनेछ; उहासंगै हजार वर्षसम्म यस पृथ्वीमा राज गर्नेछौ, अनि उहासंगै सधाको निम्ति हुनेछौ।

7 यसलाई ध्यानमा राखेर अब हामी हाम्रा प्रार्थनाको उत्तरतर्फ हेर्दछौ। हामी हाम्रो पाप स्वीकार तर्फ हेर्दछौ। यदि हामीले तपाईको महान् इच्छाको विपरीत कुनै पनि कुरा गरेका छौ, या भनेका छौ, या कुनै कुरा सोचेका छौ भने येशू ख्रीष्टको रगतद्वारा हामीलाई धुनुहोस्।

8 हामीलाई अगुवाई गर्नुहोस्, प्रभु, जस्तो आजराती बहिनीले भन्नुभएको थियो, उहा र उहाको श्रीमानको त्यो सिकागोको सडकको विषयमा। परमप्रभु परमेश्वर, तिनीहरुलाई त्यस ठाउमा अगुवाई गर्नुहोस् जहाँ तिनीहरुलाई तपाईले प्रयोग गर्नुहुन्छ, ताकि तिनीहरु ती जो अन्धकारमा भड्किरहेका छन् जो कहाँ जाने जान्दैनन्, तिनीहरुको निम्ति ज्योतिको किरण बन्न सकून् प्रभु येशू। अब हामी सेवा तपाईको हातमा सुम्पन्छौ, र सुधारको वचन सुन्दै, हामी कसरी त्यस महान् घडिको निम्ति तयार हुने भनि जान्न सक्नको निम्ति येशूको नाउमा माग्दछौ। आमेन।

[टेपमा खाली स्थान। भाई नेभिल बोल्नुहुन्छ—सम्पा]

प्रभुले तपाईहरु सबैलाई आषिश दिउन्। धन्यवाद भाई।

9 मैले थोरै पनि यो कुरामा आशा गरेको थिईन। जस्तो कि म घरमा थिए, मैले यस्तो महसूस गरे, म साच्चै नै जरूरी कामले कहिँ नजान पर्ने भएको भए र प्रार्थनाको सभामा नगई घरमै बस्न परेको भए, मलाई एकदमै नराम्रो लाग्ने थियो। र एक किसिमले म आफै र मेरो परिवारलाई पनि यहाँ आउछौ भन्ने आशानै थिएन। म मात्र भित्र गए र यहा आउनको निम्ति निक्लिए। र त्यसैले मैले भने, "म तल प्रार्थनाको सभामा जानेछु।" र मेरी श्रीमतीलाई आउनको लागि तयार हुने समेत समय मिलेन, किनकि उनले जान्दैन थिए म यहाँ आउदैछु भन्ने।

10 त्यसैले मैले बहिनीको र भाईको त्यो दक्षिण क्यारोलिना वा उत्तर क्यारोलिनामा या कुनै अरु ठाउमा त्यस चकेको उज्यालो को विषयमा गवाहि त्यहाँ सुन्न पाउदा खुसी छु। ग्रिनभिलमा, के त्याहि हो? [बहिनिले भन्नुहुन्छ, "होइन, यहाँ दक्षिण पईन्समा हो।"—सम्पा] हो दक्षिण पईन्समा।

11 भाई लि भेल आज यहाँ हुनुहुन्थ्यो। मैले उहाको बप्तिष्माको सेवामा आज यहाँ बप्तिष्मा दिए। तपाईले चिन्नुहुन्छ भाई लि भेललाई र ती सेवकहरुलाई, भाई पार्कर थोमसलाई पनि। त्यहाँ एक...

12 मैले त्यो समय स्मरण गर्नसक्छु, एउटा बहिनीलाई छायाले छोपेको थियो। त्यो एउटा ठूलो पुष्टि थियो ती बहिनीमा, जुनमा...पवित्र आत्माले कहिलेकाहि हामीलाई अगि जान दिन्छ र हाम्रो विश्वासको जाँच गर्नुहुन्छ, र अरुको विश्वासलाई जाँच्नुहुन्छ। जब तपाईले सिधै कुनै कुरामा हेर्नुहुन्छ, र केहि कुरा देख्नुहुन्छ, र यो भन्नुहुन्छ; र अरुलाई हेर्न भन्नुहुन्छ र तिनीहरुले त्यो देख्दैनन्, तिनीहरुले त्यो त्यहाँ छैन भन्छन्। बुझ्नुभयो? तर त्यो त्यहि हुन्छ।

13 अब, त्यहाँ पावलको माथि ज्योति झुन्डिरहेको देख्ने त्यहाँ कोहि पनि थिएन, तर त्यो त्यहाँ थियो। त्यो स्वर्गबाट ढुकुरको रूपमा त्यो ज्योति येशूको माथि झुन्डिरहेको थियो अरु कसैले देखेनन् तर यूहन्ना स्वयमले देखे। बुझ्नुभयो?

14 र त्यसैले, अब, पछाडि जब मैले मानिसहरुलाई यस ज्योति आगोको खामो रूपमा भन्दै थिए, कसैले त्यो विश्वास गर्न चाहेनन्। तर, अब क्यामेराको यन्त्रिक आँखाले त्यसको पहिचान गराएको छ। कसरी त्यो हुन आयो।

र दुष्ट आत्मा चाहि अन्धकार हुन्छ।

15 यो हाम्रो जीवन जस्तै नै हो, हामी छायाहरु हौ। र हामी...यदि हामी ज्योति हौ भने, यदि हाम्रो जीवन दिनको उज्यालोसंग मेल खादछ भने, हामी ज्योतिमा हिडिरहेका छौ।

16 यो यस्तै नै हो कि तपाई बाहिर हेर्नुहुन्छ र भन्नुहुन्छ, "मैले सूर्यलाई दिनको समयमा देख्छु," तपाई—तपाईले सूर्यको छाया देख्नुहुन्छ। त्यो सूर्यको प्रतिविम्ब हो। त्यो आफैमा सूर्य त होइन, तर त्यसले यो प्रमाणित गर्छ कि त्यहाँ सूर्य छ। यसले त्यहाँ सूर्य छ भनि साबित गर्छ।

17 र अब जब मैले देख्दैछु, जसै तपाई त्यहाँ फ्यान प्रयोग गरि बसिरहनुभएको छ, बोलिरहनुभएको छ, त्यसको अर्थ तपाई जिउदै हुनुहुन्छ, तर त्यो मात्रै जीवनको एउटा छाया हो।

18 किनभने, छाया बनाउनको लागि कुनै पनि कुराको एउटा अन्धकारपन हुनुपर्दछ। बुझ्नुभयो? किनभने, एउटा छाया बन्नको लागि जति अन्धकार चाहिन्छ त्यति नै उज्यालो पनि चाहिन्छ। र त्यसमा सबै अन्धकार र सबै उज्यालो हुन नै सक्दैन। यदि त्यो अन्धकार हो भने, त्यो साचो अन्धकार हो। यदि त्यसमा उज्यालो छ भने त्यहाँ कुनै छाया छैन, छायाँ बनाउनलाई केहि पनि छैन त्यहाँ। तर यदि त्यो अन्धकार र उज्यालोको मिश्रण छ भने त्यसले एउटा छाया बनाउछ।

19 त्यसैले हामी वास्तवमै उज्यालोको छाया हौ। अहिले तपाईले कुनै ठाउको जीवन प्रतिविम्बित गर्दै हुनुहुन्छ। यदि तपाई इसाई हुनुहुन्छ भने, त्यो छाया भएको कारणले यसले मात्र यो प्रमाणित गर्छ कि त्यहाँ एउटा जीवन छ जहाँ तपाई मर्न सक्नुहुन्न, किनभने यो जीवन आफुमा मृत्यु छ। बुझ्नुभयो? तर यो एउटा छाया हो, किनभने तपाई जीवित,

चलिरहेको देख्न सक्ने, सोच्न सक्ने, चल्न सक्ने, र बोल्न सक्ने, र पाँच ज्ञानिन्द्रिय क्षमता भएको शरीर सहितको प्राणी हुनुहुन्छ। तरै पनि तपाईलाई थाहा छ, तिनीहरु, तिनीहरु मर्दैछ। र त्यहाँ अत्यन्त समस्या छ। तपाई जान्नुहुन्छ, त्यो मात्र यो हुन सक्छ... त्यो एउटा प्रतिविम्ब हो, बुझ्नुभयो, त्यहाँ जीवन र मृत्युसंगै मिसिएको छ।

20 यो शरीर त मारेर जानुपर्दछ। तर यदि तपाईले तपाईको मरणशील शरीरले, स्वर्गको ज्योति प्रतिविम्व गर्दै हुनुहुन्छ भने तपाईले परमेश्वरको अनन्त जीवन प्रतिविम्ब गर्दै हुनुहुन्छ। त्यसपछि जब तपाई मर्नुहुन्छ, तपाई अरु कहिँ नभएर त्यो ज्योतिमा जानुहुन्छ, किनभने त्यहि नै थियो जुन तपाईले प्रतिविम्ब गर्दै हुनुहुन्थ्यो।

21 यदि तपाई अन्धकारको संसारबाट हुनुहुन्छ भने तपाईले त्यहि प्रतिविम्ब गर्नुहुन्छ, तब तपाई अरु कहिँ मार्गमा नभएर अन्धकारमा नै जानुहुन्छ। बुझ्नुभयो? त्यसैले हामी वास्तविक प्रतिविम्बमा छौ। त्यसैले हामी त्यो देख्दछौ। र जति निश्चय रूपमा पवित्र आत्माले उज्यालो र जीवनलाई प्रतिविम्बित गर्छ, त्यसरी नै मृत्युले अन्धकारलाई प्रतिविम्बित गर्छ।

22 र यहाँ ती दुवैजना छन्। भोलि...यस हप्ताको अन्तिमतिर, हुनसक्छ आईतबार सम्ममा, हामीले सानो फोटोलाई ठूलो आकारमा पार्नेछौ, ताकि त्यो त्यहाँ सूचनापेटिमा राख्न सकियोस्।

23 *जहाँ* त्यहाँ सूचानापेटिमा तपाईहरुको तस्बिर टागिने गर्छ। मलाई थाहा छैन कतै तपाईले ध्यान दिनुभयो या दिनुभएन। र त्यसपछि...

र लगभग एक हप्ता पहिले, जमाईकामा, जहाँ म प्रचार कार्यमा थिए...हामीले टेपहरु सारा संसारभरि पठाउछौ। र *सात मोहोरहरुको* टेप त्यहाँ जमाईका देशभित्रको भागमा, भित्रि इलाकाहरुमा पुगिसकेको छ...र त्यो एउटा ब्लू माउन्टेनको पछाडि एकदमै पिछडीएको इलाका हो। र कहिले काहि त्यहाका वासीहरुसंग त्यो टेप रेकर्डर हुन्छ जुन तपाईहरुले उनीहरुको लागि किनिदिनुभएको छ, जस्तो कि पुरानो भिक्टोरल टेप रिकर्डर हुन्छ, र तिनीहरुले त्यो त्यसलाई बज्न दिन्छन्। र हर केहि मिनेटपछि कसैले गएर त्यसलाई फेरी बजाईदिनुपर्छ।

24 यो समूह संग एउटा—एउटा सानो ब्याटरी हुन्थ्यो, छ भोल्ट को ब्याटरी, या कुनै अर्को, र टेप रेकर्डर बजाउदै गर्छन्। र तिनीहरु—तिनीहरु सबै एक ठाउमा बस्छन्, जे यहाँ आजराति छ, ती *मोहोरहरु* सुन्छन्, मलाई लाग्छ त्यस्तै हुन्थ्यो। र जब म बोल्दै गर्थे, तिनीहरुले ध्यान दिन्थे, त्यो कोठामा त्यहि आगोको खामो आउथ्यो र ठिक त्यो टेप रेकर्डरनिर टुप्पोमा गएर बस्थ्यो। र तिनीहरु गए र क्यामेरा ल्याए र त्यसको तस्बिर खिचे। र ठिक त्यस्तै तस्बिर आज त्यहाँ निर झुन्डाई राखिएको छ। र अब हामी त्यसलाई ठूलो आकारमा राख्छौ ताकी तपाईहरुले देख्न सक्नको निम्ति त्यो सूचनापेटिमा त्यहाँ राख्न सकियोस्।

25 हामी हाम्रो जीवनमा परमेश्वरको अनुग्रह ल्याउनुभएकोमा अत्यन्त आभारी छौ...यस दिनमा उहाको उपस्थिति ल्याउनुभएकोमा। अब हामी धेरै कुराहरुमा आभारी छौ।

26 अब म यो सोच्दैछु कि म यहानिर हेर्नेछु कि कतै मैले कुनै टिपोट गरेको लेख पाउछु, कुनै लेख वा केहि, या अर्को कुनै जसमा मैले बोलेको छु। या, कुनै कुरा भेट्छु कि जसमा म केहि बोल्न सक्छु...यहाँ मैले कुनै पाठ पाए जुन मैले लेखेको थिए, ठिक छ, यहाँ पुस्तक निर रहेछ। यदि मैले कुनै एउटा पाठ पाए भने, हुन सक्छ हामीले प्रार्थना गर्दै गर्दा प्रभुले कुनै कुरा भन्नको लागि केहि कुरा दिनुहुनेछ।

अब हामी आईतबारको लागि अपेक्षामा बसेका छौ।

27 मैले संदेशहरुमा बोल्दै आएको छु। र, मैले तपाईहरुलाई यहानिर “त किन मेरो पुकार गर्छस्? मानिसहरुलाई अगि बढ्न आज्ञा दे।” यो विषयमा तपाईहरुलाई लामो समयसम्म राखे।

28 अब, आईतबार चंगाईको सेवा हो जहाँ बिरामीको निम्ति प्रार्थना गरिनेछ। अब, यदि तपाई बिरामीको सम्पर्कमा हुनुहुन्छ, जब हामी बिरामीहरुको निम्ति प्रार्थना गरिसकेका हुन्छौ, र त्यो निको हुदैन भने, त्यहाँ बिमार रहनुमा कुनै न कुनै कारण हुन्छ। र यदि प्रभुको इच्छा भए, म आईतबारको बिहान एउटा छोटो संदेशमा यसको विषयमा बोल्न चाहन्छु। त्यसैले म चंगाई सेवा गर्न जादैछु, र सबै मानिसहरुको लागि प्रार्थना गर्नेछु। र बिल्लीपल वा अरुहरु यहाँ आईतबार बिहान, लगभग आठ बजे, जब मण्डली खुल्ला हुन्छ, मानिसहरुलाई कार्ड दिन जब तिनीहरु ढोकामा आउनेछन्, या जब तिनीहरु भित्र पस्नेछन्।

29 र अब, त्यसपछि, म यस्तो प्रयास गर्न चाहन्छु, प्रभुले कुनै पनि तरिकाले मलाई ती मानिसहरु किन चंगाई हुदैनन् भन्ने त्यस कारणहरुमा एउटा सानो अन्तर्दृष्टि प्रदान गर्नुभएको छ भनि म विश्वास गर्दछु। र म—म विश्वास गर्छु कि ती सब समझको अभावको कारणले भएको हो। र म विश्वास गर्छु, यदि प्रभुको इच्छा भए, त्यस विषयमा हामी आईतबार बिहानीमा बोल्ने छौ।

30 अब, बुधबार रातको प्रार्थनाको सभा केवल एउटा छोटो सभा हो जहाँ हामी भेला हुन्छौ र प्रार्थना गर्छौ, जसरी हामी यी गरेका छौ र भेला भई संगति गर्दछौ।

31 कहिलेकाहि, म—म विश्वास गर्छु कि यी दिनहरुमा महान् थोकहरु मध्ये एउटा म यो पाउदछु कि, हामीले विश्वास गरेका कुराहरुमा इमान्दारिताको अभाव हुनु हो। बुझ्नुभयो? बुझ्नुभयो? यदि परमेश्वरले, जुन कार्य उहाले आजका दिनहरुमा गर्नु भएको छ सो कार्य ती जोन वेस्लीको दिनहरुमा गर्नुभएको भए, यी कार्यले ती मार्टिन लुथरको दिनहरुमा र अरु दिनहरुमा के गर्नेथियो होला? जस्तो उहाले गरिरहनुभएको हामीले देख्दैछौ, दुवै मण्डलीबाट, आत्माबाट, र विज्ञानबाट, र हरेक क्रियाकलापबाट साबित गरिएको छ, यी—यी कार्य पहिचान गरिनुपर्दछ। र परमेश्वरको वचनले यहा यी कुराहरु घटना आउनुभन्दा अगावै घोषणा गर्दै र भन्दै आएको छ। र यो बढ्दै आएको छ, र अगमवाणी भन्दै, र उहाले जे भन्नुभएको छ त्यो देखाउदै आएको छ। जुन उहाले भन्नुभएको छ, त्यो सिद्धरूपमा, र वास्तविक रुपमा हुन आउनेछ। र अझै पनि हामी एक तरिकाले सुस्त भई बस्दै आश्चर्य मानेर भन्छौ, “अँ, मलाई आश्चर्य लाग्छ, कि के यसको मसंग केहि मतलव छ? आश्चर्य लाग्छ कि के यसको मतलव पूराका पुरा मण्डलीसंग छ, या—या मलाई

आश्चर्य लाग्छ कि के यसमा म पनि साच्चै नै पर्छु?” मलाई लाग्छ, आईतबार विहान, यी कुनै शिक्षाहरुमा म बोल्ने कोशिश गर्नेछु, हुनसक्छ यसले हामीलाई थोरै प्रकाश दिनेछ।

32 अब, आजराती, मैले केहि कुरा पाएको छु, केवल यहाँ त्यसमा पल्टाउनुहोला, म यहाँ तल आउनुभन्दा पहिले। मैले सोचेको थिए, “के यदि भाई नेभिल, यदि म त्यहाँ तल बसे उहाले यसो भन्नुहुन्थ्यो, ‘उठ्नुस् अनि बोलनुस्,’ र उहाले मात्र यसो गरेर तल बस्नुभएको भए?” बुझ्नुभयो? मैले सोचेको थिए, “मैले केहि धर्मशास्त्रको पदहरु लेखेर राख्दा नै बेस हुनेछ।” किनभने, म जान्दछु, उहा, उहा यति प्रेमिलो भाई हुनुहुन्छ, र हामी—हामी उहाको कदर गर्छौं।

33 हामीले वचनको लागि प्रार्थना गर्नुभन्दा अगाडि, म एउटा—एउटा भाई पहिचान गराउन चाहन्छु। मैले उहाको नाम समेत बोलाउन सकेको छुइन यो समयमा, उहाहरु दुइजना हुनुहुन्छ। उहाहरु यहाँ हुनुहुन्छ, मेरो मित्रहरु हुनुहुन्छ। उहाहरु प्रचारकार्यको क्षेत्रमा सेवक र प्रचारक हुनुहुन्छ, जो बाहिर जादैहुनुहुन्छ। उहाहरुले यी सुसुन्देशहरु टेपद्वारा सुन्नुभयो। र उहाहरु बेग्लै नामधारी मण्डलीको बाट हुनुहुन्छ, दुइजना जवान युवकहरु हुनुहुन्छ। र ती युवकहरु मध्ये एक जना त यत्ति इच्छुक हुनुहुन्थ्यो, कि अहिले उहा हालै एक समापन सभामा भाग लिन हवाई जहाजबाट ट्युकसनसम्म आउनुभयो। म विश्वास गर्छु कि म “बिजनेस म्यान ब्रेकफास्ट” मा थिए। र जवान युवक, असल युवक त्यहाँ तलनिर आउनुभयो। र उसले...

34 उहाहरु कान्सासबाट हुनुहुन्छ। र उहा सबै बाटो तय गरेर यहाँ मकहा यस कारणले आउनुभयो ताकी म उहाहरुको विवाह गरिदिन सकू। म त्यसको कदर गर्छु। यो सोच्नु, कि तपाइको प्रार्थनामा मानिसहरु यति विश्वास गर्छन्, कि परमेश्वरले तपाइको प्रार्थना सुनेर जवाफ दिनुहुन्छ; र यी युवा जवान जिन्दगीको यस्तो शुरुवात गर्न जादैछन्। र जब तिनीहरु हिजो यहानिर आइपुगे, ताकी तिनीहरुका विवाह गरिदियोस्, तब यो पत्ता लाग्यो कि, इंडियाना प्रान्तको कानून अनुसार उनीहरुको रगतको जाँच पनि हुनेछ, र तिनीहरुको विवाह हुनुभन्दा अघि यहि यसै प्रान्तमा तिन दिन सम्म प्रतिक्षा गर्नुपर्नेछ। त्यसैले उहाहरुको विवाह शुक्रबारको विहानसम्म हुनसक्ने छैन।

35 र मेरो भाईलाई सोध्नेछु त्यो पछाडि अन्तिमनिर, यदि उहा उठेर आफ्नो परिचय, र उहाको प्यारी सानी केटि, र अर्को भाईको परिचय दिनुभए।

36 [भाई भन्छन्, “तपाईलाई धन्यवाद, भाई ब्रन्हाम। यहाँ हुनपाउनु मेरो सौभाग्य हो। र म भाई रोजर ओ’निल, कान्सासमा बस्छु, प्रचारक्षेत्रमा प्रचारकको रूपमा यात्रा गर्छु, यो भन्दै कि, ‘येशूमा विश्वास गर्नाले, येशुले बचाउछन्, चंगाई गर्छन्...?...’ मेरो झोला सधै पोकोले भरेको हुन्छ...?...उहा मेरो मंगेतर प्याटरिसिया ब्राउन हुनुहुन्छ। हामी शुक्रबार विवाह बन्धनमा बादिन जादैछौ। उहा मेरो सह–प्रचारक र सहकर्मी, भाई रोन्नी हन्ट हुनुहुन्छ, यहाँ पछाडिनिर हुनुहुन्छ। र वहा उहाको मंगेतर, क्यारोल...?...र आज राती हामी यहाँ हुन पाउदा खुसी छौ।“—सम्पा]

37 तपाईलाई धेरै धन्यवाद, निस्चयनै हामी यी युवा राजदूतहरुलाई प्रभु येशुको कार्यको निम्ति शूभकामना दिदछौ, उहाको मार्गमा द्रूत गतिमा जानको निम्ति परमेश्वरको आशिष रहेको होस्। र जसै म आशाका साथ, प्रभूको आगमनको निम्ति प्रथिक्षा गर्दै, र यी जवान युवा र युवतीहरु हृदयमा ख्रीष्टको सेवा गर्ने उदेश्य बोकेको देख्दछु, त्यसले मलाई रोमान्चित पर्दछ, बुझ्नुभयो, तिनीहरु यसरी हुर्किएको देख्दा खुसी हुन्छु। प्रभूले तपाई भाई, बहिनीलाई धेरै आशिष दिनुभएको होस्।

38 अब, आउनुहोस् हामी सानो पुस्तकलाई पल्टाऔ जुन पुस्तकबाट मैले आफ्नो जीवन भरि पहिले कहिले बोलेको छैन। र यो अतिनै...मात्र एउटा अध्याय, फिलेमोनको पुस्तक। र यो एक...

39 म एक प्रकारको थोरै आईरिस हु, र म—मेरो दांतको तल्लो भागको वरिपरी तारले बानेको छ, ताकि त्यसलाई आफ्नो ठाउमा थामी राख्न सकोस्। म, म, कहिँले काहि यी नाउहरुलाई ठिक ठिक उच्चारण गर्न असक्षम हुन्छु, जबकि म जान्दछु कि त्यो के हो भनि। र कहिले काहि त शिक्षाको कमिको कारणले म त्यसलाई ठिक उच्चारण गर्न सक्दिन। त्यसैले, "फिलेमोन" त्यहाँ पछाडि कसैले यसलाई यहि भनेको थियो, जुन मलाई लाग्छा वास्तवमै यो नै ठिक उच्चारण हो।

40 अब, पहिलो पद हेर्नुहोस्, म यसबाट केवल एउटा शब्द वा दुइटा मात्रै लिनेछु।

*ख्रीष्ट येशूको कैदि पावल...*

41 प्रभूको इच्छा भए, त्यहि नै जुन म मूख्य विषयको रूपमा प्रयोग गर्न चाहन्छु: *एक कैदि*

42 अब, तपाई मुश्किलले कल्पना गर्न सक्नुहुन्छ, कि पावल स्वयंमले आफैलाई एक कैदि मानिरहेको। एक स्वतन्त्र–जन्मेका पवित्र आत्माद्वारा भरिएका व्यक्ति थिए, तरै पनि उनले आफैलाई "एक कैदि" भनि बोलाउदैछन्।

43 र अब हामी पाउछौ कि, जब उनले कोरिन्थिहरुलाई सम्बोधन गर्दैथिए, "पावल येशू ख्रीष्टको एक प्रेरित।" अर्को समयमा, "पावल, परमेश्वरको इच्छाद्वारा येशू ख्रीष्टको एउटा दास," जब उनी तिमोथीसंग बोल्दै छन्, उनी बेग्लै तरिकामा छन्। अब जब उनले यहाँ फिलेमोनलाई लेख्दैछन्, उनले यसो भने, "पावल, येशू ख्रीष्टको एक कैदि।" "पावल, एक प्रेरित," मलाई एउटा रात त्यसमा प्रचार गर्ने चाहना छ। "पावल, एक—एक दास," र यसमा प्रचार गर्न मन छ। "पावल, एक कैदि।" अर्को यसमा प्रचार गर्न इच्छा छ।

44 तर, आज राति, म पुरै तरिकाले आफ्नो ध्यान यी विषयहरु मध्ये एकमा अर्थात्, "पावल, एक कैदि," र यो विषय लिन्छु: *एक कैदि*

अब आउनुहोस् केहि क्षणको लागि हाम्रो शिर झुकाऔ।

45 प्रभु येशू, कुनै पनि व्यक्ति जसमा शारीरिक ताकत छ, त्यसले यो बाईबलको पानालाई पल्टाउन सक्छ, तर मात्र पवित्र आत्माले त्यसमा ज्योति दिई सहि अर्थको व्याख्या गर्न सक्दछ। हामी उहालाई अहिले आउनको निम्ति भन्दछौ र, यस महान् र शक्तिशाली अगमवक्ता पावल भए तापनि आफैलाई "एक कैदि" भनि सम्बोधन गरेका यो के हो भनि

बुझ्न सक्नको निम्ति मद्धत माग्दछौ। जसै हामी प्रतिक्षा गर्दछौ, पवित्र आत्माले यो प्रकाश गर्न सकेको होस् भनि येशू ख्रीष्टको नाउमा माग्दछौ। आमेन।

46 अब, म कल्पना गर्न सक्छु कि, पावल, जब उनले यो पत्र फिलेमोनलाई लेखे, उनी कसरी बन्दिगृहमा बसिरहेका थिए, त्यस नगरको कैदिखानामा एक––एक––एक कैदि थिए। र उनले राम्ररी जानेका थिए, उनको स्थानबाट त्यो शब्दको अर्थ के थियो भनि। उनलाई चारैतिरबाट पर्खालले घेरिएको थियो। उनी––उनी तब मात्र स्वतन्त्र हुन पाउथे जब कोहि आएर उनलाई स्वतन्त्र जान लाई छोडिदिन्थे। उनले जानेका थिए कि एउटा कैदि हुनुमा कस्तो हुन्छ भनि। र त्यसपछि, फेरी, म विश्वास गर्छु कि प्रेरितको अर्थ मात्रै एउटा सानो...यो बन्दिगृहमा एउटा शारीरिक तौरमा कैदि भएर बसेका थिए, उनको यो सम्बोधनले आफ्नो वर्तमान स्थितिको बारेमा कत्ति पनि अभिप्राय थिएन। तर मलाई विश्वास छ कि उनी––उनी आफ्नो आत्मामा, उनको इच्छा येशू ख्रीष्टमा एउटा कैदि हुनुको विषयमा थियो।

47 अब, हामी सबैजना हामीले चाहेको कुनै पनि निर्णय लिन स्वतन्त्र स्वइच्छा भइ जन्मिएका हौ। परमेश्वरले न्यायसंगत रूपमा यस्तो गर्नुभयो। किनभने, उहाले प्रत्येक मानिसलाई यहि आधारमा राख्नुनै पर्छ, नभए उहाले मानिसलाई गलत राख्नुभएको हुन्छ...नभए उहाले पहिलो मानिसलाई गलत आधारमा राख्नुभयो, कि उहाले स्वतन्त्र स्वइच्छामा राख्नुभयो। बुझ्नुभयो? हामी त्यहि तरिकामा आजराती छौ, जस्तो आदम र हव्वा थिए। त्यहाँ कुनै फरक छैन। सहि र गलत हामी मध्येमा हरेकको सामू आउछ। जीवन या मृत्यु, हामीले हाम्रो चूनाव गर्न सक्छौ, त्यो हामीमा भरपर्छ। बुझ्नुभयो?

48 त्यहि नै तरिकामा आदम र हव्वाले गरेका थिए, र, हेर्नुहोस्, र––र तिनीहरुले गलत चुने। र अब, त्यसैमा पूरा वंश राख्नुहोस्, पूरा मानव जाति मृत्युको अधिनमा पुग्यो, मृत्यु दण्डमा।

49 र त्यसपछि परमेश्वर तल मानव चोलामा आउनुभयो र त्यो मृत्युलाई लिनुभयो, र मृत्युको मूल्य चुकाउनु भयो...स्वतन्त्र हुन इच्छा गर्नेलाई स्वतन्त्र तुल्याउनको लागि गर्नुभयो।

50 अब, यदि उहाले हामीलाई आदम र हव्वाकै तरिकामा नभएर अरु तरिकामा लिनुभयो भने, कुनै कुराबाट हामीलाई तानेर, यस्तो भन्नुभयो भने, "म तलाई बचाउने छु चाहे तलाई बाच्न मन होस् या नहोस्।" त्यसो हो भने उहाले आदम र हव्वालाई गलत आधारमा राख्नुभयो, तपाई देख्दैहुनुहुन्छ। तर यी दिनमा मृत्यु र जीवन मध्ये हामी हरेकले चुन्नु पर्दछ। हामीले त्यो गर्न सक्छौ।

51 जस्तो मैले अगि मात्रै व्यक्त गरे, यदि तपाईको ज्योतिले प्रमाणित गर्नेछ भने, तपाईको जीवनले प्रमाणित गर्नेछ वास्तवमै तपाई कुन तर्फि जादैहुनुहुन्छ भनि। मलाई वास्ता छैन तपाईले के भन्नुहुन्छ तपाई कुन तर्फि हुनुहुन्छ भनि। प्रत्येक दिन तपाईले के गर्नुहुन्छ त्यसले प्रमाणित गर्छ तपाई के हो भनि। तपाईले पुरानो भनाई सुन्नुभएको छ, "तिम्रो जीवन यत्ति चर्को बजेको छ कि मैले तिम्रो गवाहि नै सुन्न सक्दिन।"

52 मैले जहिले पनि कराउने र उफ्फ्रिनेमा विश्वास गर्छु। तर मैले जहिले पनि भनेको, “तिमी जिउने भन्दा ठूलो उफ्फ्रिने नगर, किनभने संसारले तिमीलाई निग्रानि गर्छ।” तपाईले बुझ्नुभयो? तिमी जत्ति जिउछौ त्यतिनै मात्रै उफ्फ्रिने गर, त्यसैले, किनभने कसैले तिमीलाई हेरिरहेको छ। र अब जब...

53 मानिसहरु मण्डलीमा आउदैनन्। तिनीहरु—तिनीहरु, धेरै जनाले त्यस्तो गर्दैनन्। र ती मध्ये कोहि जो आउदैनन्, तिनीहरु इमान्दार व्यक्तिहरु हुन्। तिनीहरुले मण्डलीमा यत्तिसम्म भ्रष्टाचार देख्छन्, कि तिनीहरु त्यससंग कुनै पनि सरोकार राख्न इच्छा गर्दैनन्। र धेरै पटक, हामी यस विषयमा नया विचारमा बोलिरहेका हुन्छौ; तपाईले गाह्रोसंग पनि तिनीहरुलाई दोष दिनसक्नुहुन्न। बुझ्नुभयो, यो मानिसले गरेको व्यवहारको कारणले हो। तिनीहरुले आफैलाई इसाई भन्छन्। तिनीहरु नै संसारले पाएको सबै भन्दा ठूलो ठेस लाग्ने कुरा हो। ती पुरूष र महिलाहरुनै जसले इसाई हू भनि दाबि गर्छन्, र तिनीहरुको दाबि भन्दा बेग्लै जिउछन्। त्यो वास्तवमै सहि हो।

54 अब, यसको लागि सबैभन्दा निराशा इन्साफको दिनमा आउनेछ। अब, पापीहरु, जडिया, जुवाडे, व्यविचारी, तिनीहरुले आफ्नो वाक्य सुन्दा निराश हुदैनन्, “कि युगौसम्मको आगोमा जा।” त्यो व्यक्ति निराश हुदैन। तर त्यो व्यक्ति जो मण्डलीको कुनै प्रकारको पदमा लुक्न कोषिस गरेको छ, त्यहि नै केटा हो जो न्यायको दिनमा निराश हुन्छ। बुझ्नुभयो? त्यो जो इसाई भनि दाबि गर्छ र कुनै अर्कै जीवन जिउछ। उसको लागि यो राम्रो हुन्छ कि बरु उसले कहिल्यै कुनै प्रकारको देखावटि नगरी कुनै शुरुवात नगरी, त्यो भन्दा बेग्लै नजिउनु बेस हुन्छ। किनभने, त्यो नै हाम्रो लागि ठूलो ठेस लाग्ने कुरा हो, त्यो दाबिकर्ता जसले आफुलाई इसाई भन्छ र उसले—उसले कुनै त्यो भन्दा बेग्लै जिउछ।

55 सधै तपाईको जीवनलाई तपाईले देखाउन सक्ने चमत्कारको सामर्थ्यको हिसाबले न्याय नगर्नुस्। र हामीले तपाईलाई तपाईसंग भएको वचनको ज्ञानको हिसाबले न्याय गर्दैनौ। तर आफैलाई फर्केर हेर्नुहोस् र लिएर जाँच गर्नुहोस् कि तपाईको वर्तमानमा जिईरहेको जीवनले अहिले कुन प्रकारको फल जन्माई रहेकको छ सो अनुसार आफुलाई न्याय गर्नुस्। बुझ्नुभयो?

56 जस्तो मैले केहि समय अगि बिजिनेस म्यानको सभामा फिनेक्स, एरिजोनामा येशू ख्रीष्टको प्रतिविम्बले, इसाई जीवन प्रतिविम्बित गर्दछ भनि प्रचार गरेको थिए। मैले भनेको थियो म यहाँ केन्टकिमा जन्मेको थिए, जहाँ एकदमै पिछडीएकाहरु छन्, विशेष गरि जब म सानो केटा थिए। र यो सानो केटाको कहिल्यै पनि एउटा घर थिएन जस्तो आज हाम्रो यहाँ छ, जहाँ हामीसंग कति धेरै सुन्दर स्त्रीहरु हुन्थे, तिनीहरुको कपाल ठिक ठाउमा राख्नको लागि र त्यस्तै गर्नको लागि सबै घरहरुमा ऐना राखेर तिनीहरुले हेर्नपर्ने हुन्थ्यो। तर उसंग मात्र एउटा सानो ऐना थियो, केवल एउटा सानो टुक्रा जुन बाहिर रूखमा अड्काएको थियो, जहाँनिर हात मुख धुने मेच थियो, जहाँ उनको आमा र बुवाले हात मुख धुन्थे, र ती सबै गर्थे, त्यहि सानो पुरानो ऐनाको टुक्राबाट जुन रूखमा अडकेको थियो त्यसमा तिनीहरुले यस्तो गर्दथे।

57 स्पष्टसंङ्ग भन्दा, त्यो प्रकारको घर हाम्रो थियो। कसैलाई ऐना हेर्ने चाहना भयो भने, हामी बच्चाहरुलाई, हामीले एउटा बाकस ल्याउनुपर्थ्यो र त्यो हात मुख धुने मेचमा ल्याएर राख्नु पर्थ्यो, र त्यो शिशाको टुक्रामा हेर्दथ्यौ जुन म आफैले फोहोरबाट टिपेर ल्याएको थिए। यस्तो त्यहाँ केन्टकिमा थिएन। त्यो त यहाँ इन्डीयाना, यूटिका पईकमा थियो।

58 अब, यो सानो केटोले आफैलाई कहिल्यै ठिक तरिकामा आफुलाई देखेको थिएन। त्यसैले उनी आफ्नो हजुरआमालाई भेट्न शहरमा आए। र...जब उनले कोठामा घुमफिर गर्दैथियो, र हजुरआमाको घर यस्तो थियो जहाँ एउटा ढोकामा पूराका पूरा ऐना थियो। र त्यसैले सानो केटा कोठाहरुमा भएर दौडिरहदा आफ्नो अगाडि अर्को एउटा केटा पनि देखे। त्यसैले त्यो सानो केटाले सोच्यो केहि मिनेट रोकिएर बस्नु पर्यो र हेर्नु पर्यो त्यो अर्को केटाले के गर्ने वाला छ भनि। र जब उ रोकियो, त्यो केटा पनि रोकियो। जब उसले आफ्नो टाउको फर्कायो, त्यो सानो केटाले पनि आफ्नो टाउको फर्कायो। उसले आफ्नो टाउको कन्यायो, र त्यो सानो केटाले पनि आफ्नो टाउको कन्यायो। अन्ततः उ यो के हो भनि अनुसन्धान गर्न अझै नजिक गयो। र उ चारै तिर फर्कियो। र उसको आमाले, हजुरआमाले अचम्म मानेर उसलाई हेरिरहेको थियो। र भन्यो, "किन, आमा त्यो त म नै हू।".

59 त्यसैले मैले भने, "हामी, पनि केहि कुरा प्रतिविम्वित गर्दैछौ।" बुझ्नुभयो? हाम्रो जीवन प्रतिविम्वित भएको छ।

60 र अब, यदि हामी नोआको दिनमा जिईरहेका छौ भने, कसको पक्ष हामी लिने थियौ? के को पक्षमा हामी हुने थियौ त्यो नोआले जिएको महा दिनमा? कुन पक्षमा हामी हुने थियौ त्यो मोसाको दिनहरुमा? त्यो एलिया अगमवक्ताको दिनहरुमा हामी कुन पक्षमा हुने थियौ, जब सारा संसार त्यो आधुनिक ईजिबेल जस्तै त्यो महा आधुनिकतावादको जमातको खाडलमा परेका थिए, र प्रभुको सबै दासहरुलाई संसारीक मार्गबाट टाडा पारिदिएका थिए? र सारा मण्डली र पुजाहारीहरु स्त्री प्रति निहुरिएका थिए। के तपाई लोकप्रियताको पक्षमा हुनेथियो, या तपाई एलिया संग खडा भई बस्नुहुनेथियो?

61 अब, प्रभु येशूको दिनहरुमा, जब हामी यो अलोकप्रिय व्यक्तिको विषयमा सोच्दछौ, दुनियाद्वारा अशिक्षित, कुनै पनि विद्यालय भेटिदैन थियो जहाँ उहा जानुभएको होस्, र उहामा कुनै पनि शैक्षिक् अनुभव थिएन। र उहा एउटा "नाजायज बालकको" नाममा हुर्किनुभयो। र सुसंदेश प्रचार गर्दै आउनुभयो जुन तिनीहरुलाई सिकाईएको कुराभन्दा विरुद्धमा थियो। धेरै नै...र उहाले तिनीहरुको सेवक र संस्थाहरुको र अरु त्यस्तै कुराहरुको भत्सर्ना गर्दै आउनुभयो।

62 र संस्थाहरुले एउटा—एउटा वक्तव्य बनाएका थिए, "यदि कोहि पनि त्यस कथित अगमवक्ता को कुरा सुन्न गए भने, तिनीहरुलाई आराधनालयबाट निकाली दिईनेछ," जुन क्षमा गर्न नसकिने पाप भनिन्थ्यो। र तिनीहरु त्यसको जिम्मेवारी हुनुपर्दथ्यो। एउटै मात्र बाटो जुन तिनीहरुले आराधना गर्न सक्दथ्यो त्यो थूमाको रगत मूनी भएर थियो। तिनीहरु यो बलिदानमा आउनुपर्दथ्यो। र—र तिनीहरुले आफुले आफैलाई यसबाट बाहिर पुर्याएका थिए, र यो कति भयानक कुरा थियो।

63 र यो व्यक्तिले त्यस्ता कुराहरु सबै इन्कार गरिदिए। र पनि उहा सिद्ध रूपले धर्मशास्त्र अनुरुप हुनुहुन्थ्यो, तर तिनीहरुले जानेका अनुसारमा थिएन। कुन तर्फी तपाई खडा हुनुहुने थियो? अब...तपाईको जीवन जुन तपाई अहिले जिउनुहुन्छ, यसले अहिले प्रतिविम्वित गर्दछ कि तपाईले त्यो समयमा के गर्नुहुनेथियो भनेर, किनभने तपाई अझै पनि त्यहि आत्माको बन्धनले जकडीनुभएको छ। बुझ्नुभयो? यदि तपाई अहिले तिनीहरुतर्फि हुनुहुन्छ भने, त्यो समयमा पनि तपाईले त्यहि गर्नुहुनेथियो। किनभने, त्यहि आत्मा जुन अहिले तपाईसंग छ त्यस समयमा पनि ती मानिसहरुमा थियो। बुझ्नुभयो?

64 शैतानले कहिल्यै पनि आफ्नो आत्मालाई वापस लादैन; त्यो त मात्र एउटा मानिसबाट अर्कोमा सरेर जान्छ।

65 न त परमेश्वरले कहिल्यै आफ्नो आत्मा लानुहुन्छ, उहाको आत्मा एउटाबाट अर्कोमा जान्छ। बुझ्नुभयो?

66 त्यसैले, जुन आत्मा एलियामा थियो त्यहि आत्मा एलिशामाथि आयो, त्यहि नै बप्तिष्मा दिने यूहन्नामाथि आयो र त्यसरी नै अरुमा।

67 त्यो पवित्र आत्मा जुन ख्रीष्टमा थियो, त्यहि आत्मा चेलाहरु माथि पनि आयो, र सबै मानिसहरुमा आयो र अझै मानिसहरुमा छ। तपाईले बुझ्नुभयो? परमेश्वरले कहिल्यै आफ्नो आत्मा लानुहुन्न।

त्यसैले हामीलाई चुन्नको निम्ति हाम्रो मर्जीमा छोडिदिईएको छ।

68 र यहाँ म—म त्यस्तो केहि कुरा देख्दिन जुन कुरामा पावलले पछुतो मानिरहेको होस्, र भनेको होस् कि म माफी चाहन्छु कि म एक कैदि भएको छु भनि। तर उनले आफैलाई यसरी सम्वोधन गर्दैथिए...म विश्वास गर्छु कि पावलले, जब उनले यो पत्र कलमले लेख्दै थिए, त्यो पवित्र आत्मा थियो जसले उनलाई त्यो लेख्न लगाए। हुनसक्छ यस्तो यसकारणले भएको होला, ताकि यस राति हाम्रो मूख्य पाठबाट विषय निकाल्न सकौ, र देखाउन सकौ कि पावलले किन यसो गरे। किनभने यो धर्मशास्त्र बमोजिम छ, र धर्मशास्त्र अनन्त छ। म विश्वास गर्छु कि पावलले यसलाई त्यो फोहोर पुरानो झ्यालखानामा लेखेका थिए, पावलले आफ्नो सहकर्मी र भाईहरुलाई यहाँ लेख्दैथिए, कि उनी "येशू ख्रीष्टका एक कैदि" थिए भनि। ताकि, उनले यी कुरा देखेर व्यक्त गर्न सकून् जुन कुरा उनको वरपर हुदै थियो। अब, उनी झ्यालखानामा थिए, तर यो त्यो कुरा थिएन, जो उनी ख्रीष्टको यस दाससंग भन्दैथिए, एक सेवक जो उहासंग थियो। उनले त यो भन्दै थियो कि उनी येशू ख्रीष्टको वचनको एक कैदि थिए, 'किनकि ख्रीष्ट नै वचन हुनुहुन्छ।

69 र पावल उनका दिनहरुमा एक महान विद्वान थिए। उनका ठूला महत्वकांक्षा थिए। उनी एक—उनी एक—एक—एक मानिस थिए जो यी कुराहरुबाट प्रशिक्षण दिईएको थिए, मानिसहरुबाट, एक व्यक्ति जो गमालिएल को नाममा थिए, जो उनको दिनहरुमा महान् शिक्षक थिए, उनले शिक्षा दिएका थिए, उनी जान सक्ने सबैभन्दा महान् शिक्षण संस्थानहरु मध्ये एकमा उनी गएका थिए। जस्तै उदाहरण, जस्तो हामी भन्छौ, व्हीटन, वा बब जोन्स, वा कुनै ठूलो आधारभूत विद्यालय। उनी वचनको एक सेवकको रूपमा

शिक्षित पारीएका थिए। र उनी राम्रोसंग शिक्षित थिए, होशियार थिए, र विद्वान केटा थिए जो हुनसक्छ एक दिन आफ्ना मानिसहरुको पूजाहारी वा मूख्य पूजाहारी बन्ने महान् महत्वकांक्षा लिएका थिए।

70 उनमा महत्वकांक्षा थिए। र त्यहि महान् महत्वकांक्षा पाउनको लागि उनी प्रशिक्षित थिए, र उनका सबै जीवन खर्चिएका थिए, हुनसक्छ आठ या दस वर्षको उमेर देखि लगभग तिस वा पैतिस वर्षसम्म, जब उनले कलेजको पढाई पूरा गरी स्नातक गरे; र उनको सबै डिप्लोमाहरू र सबैकुरा हासिल गरे, र याजकहरुको समाजमा एउटा राम्रो स्थितिमा थिए। यहाँसम्म कि जो यरुशलेममा महायाजक थिए उनीबाट उनले व्यक्तिगत लिखित आदेश पाएका थिए, र यस महान् सावलमाथि भरोसा राखेका थिए, "कि उनी तल दमास्कससम्म जानेछन् र ती सबैलाई खोजेर निकालेर बन्दि बनाउनेछन् जसले बेग्लै परमेश्वरलाई आराधना गर्दछ जुन उनले भनेका थिए।" यदि आवश्यक भए, उनीसंग तिनीहरुलाई मृत्युमा पुर्याउने सम्मको उर्दि थियो, यदि उनले चाहेमा त्यो गर्न सक्थे। उनी...उनमा ठूला महत्वकांक्षा थिए।

71 र अब, सबै कुरा जुन उनले प्रशिक्षण लिएका थिए, परमेश्वरले सबै ती कुराहरु उबाट निकाल्नुभएको थियो। बुझ्नुभयो? र उनको के उदेश्य थियो भने, र उनका पिताले जे कुराको लागि उनको पैसा खर्चिएका थिए, र उनको पिता र माताको जे उदेश्य थिए, ती सबै उबाट लिएर निकालिएका थिए किनभने उनको निम्ति परमेश्वर संग अरु नै केहि थियो। त्यसैले नै उनी आफ्नो जीवनमा रहेको लक्ष्यद्वारा एक कैदि थिए, र उनी येशू ख्रीष्टको एक कैदि बनेका थिए, जो वचन हुनुहुन्थ्यो।

72 त्यो दमास्कसको बाटोले उनलाई परिवर्तन गराइदियो। एकदिन तल तिर जादै थिए, करिब करिब एघार बजे तिर, उनी तल त्यहाँ घायल भए। र उनले यसो भन्दै गरेका आवाज सुने, "हे सावल, तँ मलाई किन सताउछस्?" तब उनले माथितिर हेरे, र उनले माथी देखे र एउटा यहूदि भएको नाताले उसले जान्दथ्यो कि आगोको खामो नै त्यहि परमेश्वर हुनुहुन्थ्यो जसले इस्राएलको सन्तानको अगुवाई गर्नुभएको थियो, किनकि उसले जान्दथ्यो कि उहा यहि नै हुनुहुन्छ भनि।

73 याद गर्नुहोस्, यस हिब्रूले तबसम्म "प्रभु", प्रभु एलोहिम (L–O–R–D, ELOHIM) भनेर बोलाउदैन थियो जबसम्म उहानै हुनुहुन्छ भनि उनी सन्तुष्ट हुदैन थियो, किनभने उनी प्रशिक्षित विद्वान व्यक्ति थिए। र उनले माथि हेरे, र उनले यो देखे, एउटा ज्योति, एउटा आगोको खामो जसले उनको जातिलाई उजाडस्थानहरुमा अगुवाई गरेको थियो, र उनले यसो भने, "प्रभु," एलोहिम, यो ठुलो अक्षरमा..."प्रभु, तपाई को हुनुहुन्छ?"

74 र कस्तो आश्चर्य कुरा भयो होला यस धर्मशात्र को ज्ञातालाई, कि उसलाई यसो भनियो, "म येशू हू," त्यहि नै जसको घोर विरुद्धमा उनी थिए, कस्तो पुरै रुपमा उलट्पुलट भईदियो! ओ! ओ! यो व्यक्तिको लागि यो पक्कै पनि यत्ति भयानक कुरा थियो, सबै एकै पटकमा यो पत्तो पाउदा कि उनको पूर्ण महत्वकांक्षाहरुलाई उनले नै सतावट दिईरहेका थिए। उनको महत्वकांक्षाहरुले उनले गर्न खोजेका मूख्य चिजभन्दा उनलाई धेरै पर ड़ोहोर्याएर ल्याइसकेका थिए। र यो प्रेरितलाई यो कति महाभयानक कम्पन थियो

होला, जब उहाले भन्नुभयो, “म येशू हू,” त्यहि परमेश्वर जसलाई उनले सताईरहेका थिए। “त मलाई किन सताउछस्?”

75 अर्को एउटा सानो दृष्टान्त हामी यहाँ प्रयोग गर्न सक्छौ। तपाई देख्नुहुन्छ, जस्तो तिनीहरुले मण्डलीको ठट्टा उडाए, तिनीहरुले वास्तवमा मण्डलीको ठट्टा उडाएका होइनन्, तिनीहरुले येशूको ठट्टा उडाईरहेका हुन्। “त मलाई किन सताउछस्?” कसरी तब पावलले आफ्नो पूर्ण बुद्धिले, विश्वास गर्यो कि यहि नै...ती समूह जसलाई उनले सताईरहेका थिए त्यहि नै परमेश्वर थियो जसलाई उनले सेवा गर्दछु भनि दाबि गर्दथ्यो? मलाई लाग्छ कि, कुनै विस्तृतमा नगईकन, हामी सबै यो जान्न सक्षम छौ कि जुन मैले यहाँ भन्न खोजिरहेको छु। उहि नै कुरा आजको दिनहरुमा पनि भईरहेको छ।

76 पावल, अज्ञानताद्वारा यसो गर्दै थिए, र पनि विद्धान र होशियार, र ती अशिक्षित गालिलीहरु भन्दा धेरै नै समझदार थिए जसलाई उनले सताउदै थिए, जुन व्यक्तिहरुले आफ्नो तुच्छपनमा उहालाई प्रभु भनि पहिले नै ग्रहण गरीसकेका थिए। तर पावल, आफ्नो महान् शिक्षा र बुद्धि भएतापनि त्यो ग्रहण गर्न सकेका थिएनन्। र त्यो सडकमा त्यो उनको लागि कति ठूलो उलटपुलट थियो होला। र उनी अन्धा भएका थिए, त्यसैले उनी आफ्नो कार्यभार बोकेर अघि बढ्न सक्दैन थिए, तर उनको अगुवाई त्यो सडकको एक स्थानमा भयो जसलाई सिधा भनिन्थ्यो, र त्यहाँ एकजनाको घरमा लगियो।

77 र त्यसपछि त्यहाँ तल एउटा भविष्यवक्ता आए, जसको नाउ हनानिया थियो, जसले दर्शनमा उनी आएका देखेका थिए, उनी भएका ठाउ देखेका थिए, उनी भएका ठाउमा तल गए, र भित्र गए। र भने, “भाई सावल, तल सडकमा प्रभू तिमीसंग देखा पर्नुभयो; र मलाई पठाउनुभयो ताकि मैले मेरो हात तिमीमाथि राख्न सकू, र तिमीले आफ्नो दृष्टि पाउन सकोस् र पवित्र आत्माद्वारा भरिन सकोस्।”

78 हेर्नुस् त उनी कहाँ थिए। यो कस्तो—कस्तो अचम्मको कुरा थियो होला पावलको निम्ति! बुझ्नुभयो? सबै ती कुरा जुन गर्न को निम्ति उनलाई प्रशिक्षण गरिएको थियो त्यो सबै विपरीत भैदियो। त्यसैले अब, ती सबै शिक्षा जुन उसंग थियो, ती सबै उसको लागि सून्य भईदियो।

79 अब, उनले जाने कि उसंग अनुभव थियो। त्यसैले अब हाम्रो लागि यहाँ एउटा राम्रो पाठ छ, अनुभव मात्रै पनि पर्याप्त छैन। त्यो अनुभव प्रभुको वचन बमोजिम हुनु जरूरी छ। त्यसैले, जब उनले यो देखेका थिए, र जान्दथे कि यो यस्तो महान् चिज थियो जुन उनले पाउनुभन्दा पहिले कसैले यो ग्रहण गरिसकेको छ, उनले तिन वर्ष र छ महिनासम्म तल अरबको मरुभूमिमा बाईबल लिएर गए, जस्तो कि त्यो पुरानो करार को समयमा भएको थियो, उसंग भएको त्यो अनुभव दाज्न ताकी त्यो धर्मशास्त्र संवत छ या छैन भनि।

80 अब यदि उसले यसो भनेको भए के हुन्थ्यो, “ठिक छ, मेरो अन्दाजा यो छ कि यो त मात्र एउटा सानो झट्का मात्रै हो,” र पहिले कै चालमा हिडेको भए? “म आफ्नो शिक्षालाई नै पछ्याउनेवाला छु?”

81 अब, उनी केहि कुराको कैदि हुनुपर्ने थियो, एउटा कैदि। अन्ततः दाजिसके पछी, सबै कुरा हेरिसके पछि, त्यहाँ केहि आश्चर्य छैन कि उनले हिब्रूको पुस्तक लेख्न सक्थे, एउटा चित्रणको रुपमा। बुझ्नुभयो? साडे तिन वर्षसम्म, वचनमा खोज तलास गर्दै, र यो पाउदै थिए कि त्यहि परमेश्वर जसले उनलाई बोलाउनुभयो उनलाई फर्काउदै हुनुहुन्थ्यो, र उनको बौद्धिक विचारधारा परिवर्तन गर्दै हुनुहुन्थ्यो, उनले सोचेका सबै थोकहरु परिवर्तन गराउदै हुनुहुन्थ्यो, उनी प्रशिक्षित भएका सबै कुरा परिवर्तन गराउदै हुनुहुन्थ्यो। सबै उसको महत्वकांक्षाहरु उबाट निकाल्दै लानुभयो, र उ एउटा कैदि भए। परमेश्वरको प्रेम यति अथाह भयो कि, र यस्तो प्रकाश भयो कि उनी त्यसबाट टाढा हुन सकेनन्।

82 त्यो नै प्रत्येक वास्तविक विश्वासीको सच्चा अनुभव हो जसले परमेश्वरलाई भेटेका छन्। तपाई—तपाई केहि यस्तो कुराको सम्पर्कमा आउनुहुन्छ कि जुन अति महान् हुदछ, कि तपाई...कि—कि तपाई सबै कुराको निम्ति एक—एक कैदि बन्नुहुन्छ, बुझ्नुभयो? तपाई—तपाई यसमा आफैलाई कैदमा राख्न, सबै कुराबाट टाढा निस्किनुहुन्छ।

83 यो एकपटक व्यक्त गरिएको छ जहाँ येशूले भन्नुभएको छ, “स्वर्गको राज्य असल मोति खोज्ने एउटा व्यापारी जस्तो हो। त्यसले एउटा बहुमूल्य मोति भेट्टाएपछि गएर आफूसंग भएका सबै बेचेर त्यो मोति किन्छ।”

84 र त्यहि नै तरिकामा यहाँ छ। तपाई—तपाईसंग बौद्धिक अवधारणा छ, तपाई संग एउटा—एउटा—एउटा धर्मशास्त्रको ज्ञानवाला अनुभव होस्; तर जब त्यो समय आउदछ जब कि तपाई—तपाई—तपाई वास्तवमै वास्तविक कुरा पाउनुहुदछ, तपाई सबै कुरा बेचेर आफैलाई यो कुराहरुमा निकट बनाउनु हुदछ।

85 पावलले जानेका थिए कि त्यो के थियो भनेर। उनले—उनले थाहा पाए कि उनी कुनै चिजको जूवामा जोडिएको थियो। जस्तो कि हामी घोडामा जुवा राख्दछौ; यो कुनै कुरालाई तान्नको लागि हुदछ। र पावलले जानेका थिए, यो अनुभव पछि र साढे तिन वर्षसम्म आफ्नो अनुभव बाईबलको अनुरुप तुलनात्मक अध्ययन पछि, उनले यो थाहा पाए कि परमेश्वरले उनलाई चुन्नुभएको छ र पवित्र आत्माद्वारा जुवा लगाईएको छ, जुन अनुभव उनको थियो, ताकि त्यसले सुसमाचारलाई अन्याजातीहरुको उपस्थितिमा तान्न सकोस्। पवित्र आत्मा आफैले उनलाई जुवा लगाउनुभएको थियो।

86 र आज, ख्रीष्टको दासहरुको रूपमा, हामी जुवामा जोडिन्छौ, अड्किन्छौ। हामी भाग्न सक्दैनौ। हामी त्यसमा अड्काईएका हुन्छौ, वचनमा जुवा लगाईएका हुन्छौ। अरु मानिसहरुले जे सुकै भनोस्, तर तपाई त्यसमा जुवा लगाईएको हुन्छ। त्यहाँ केहि कुरा यस्तो हुन्छ कि जसबाट तपाई टाढा जान सक्नुहुन्न। तपाई त्यससंग जुवा लगाईएको हुन्छ, पवित्र आत्माद्वारा, तपाईलाई वचनमा जुवा लगाईएको हुन्छ। अरुले जे सुकै भनोस् त्यो वास्ता भएन, त्यो वचन हो। त्यो सधै त्यससंग अड्किएको हुन्छ, त्यसमा जुवा राखिदिन्छ। पवित्र आत्माद्वारा उनी वचनमा जुवा हालिएको थियो।

87 उनले यी कुरा त्यहाँ अरबको पछाडि मरूभूमिमा सिकेका थिए। जब, उसका सबै पुराना कुराहरु, र अनुभवहरु, र महत्वकांक्षाहरु, ती सबै कुराहरु उ बाट खोसिएर निकालिएको थियो।

88 अब, त्यहि नै आज हामीले पाउदछौ, कि हामी रित्तो पारिनु पर्दछ। र मानिसहरु रित्तो हुन चाहदैनन्। मेथोडिस्ट भाईले उनको मेथोडिस्टको शिक्षा थोरै पक्रिरहन चाहन्छ। अ—ह, ब्याप्टिष्ट भाईले उनको ब्यप्तिष्टको शिक्षा थोरै पक्रिरहन चाहन्छ। बुझ्नुभयो? तर तपाई पूर्ण रूपले सबैबाट रित्तो हुनुपर्दछ, र नया गरी जन्मन पर्दछ, स्वच्छ तरिकामा। र त्यहाँ माथिबाट लिनुहोस् र पवित्र आत्मालाई अगुवाई गर्न दिनुहोस्। तपाईले यो भन्न सक्नुहुन्न कि, “ठिक छ, अब, मेरो बुबाले भन्नुभएको, जब उहा भित्र जानुभयो, मण्डली भित्र जानुभयो, उहाले पाष्टरसंग हात मिलाउनुभयो। उहा, उहा असल बफादार सदस्य हुनुहुन्छ।” हुनसक्छ त्यो उहाको पिढीको लागि सहि हुन सक्छ, तर हामी त बेग्लै पिढी हौ। बुझ्नुभयो? अब हामी बाईबलको समयमा फर्केर आउनुपर्दछ यो दिनमा।

89 पूजाहारीहरु पनि जुवामा जोडिएको थियो। तर, तपाई देख्नुहुन्छ, तिनीहरु अर्कै समय प्रबन्धमा आउदैथिए, र तिनीहरुले आफ्नो पुरानो जुवा निकालेर फाल्न र नया जुवा धारण गर्न असफल भए।

90 र त्यहि नै कुरा आज हामीले पाउदछौ। हामी संगठित संस्थाको युगबाट भएर आयौ, जस्तो हामी बाईबलको मण्डलीको युगहरुबाट साबित गरिसकेकाछौ, हामी त्यसबाट भएर आयौँ, तर अब हामी स्वतन्त्र युगमा आएका छौ, जहाँ पवित्रा आत्मा आफै तल आएको छ र आफैलाई प्रमाणित गरेको छ, र आफैलाई चिनाउनु भएको छ, र प्रत्येक प्रतिज्ञा जुन उहाले प्रतिज्ञा गर्नुभएको थियो ती पुरा गर्नुभएको छ। ओ, कति महान् समय छ!

91 र उनले त्यो जानेका थिए, र अर्को कुरा, उनले जान्दथे कि उनी अरु स्थानहरुमा जान सक्दैनथे। यसमा जुवामा जोतिएर, कि उनले...जुन उनले यो गरे, तर उनी ती स्थानहरुमा जान चाहन्थे। उनले जान्दथे कि उनको महत्वकांक्षाले दाजुभाईहरु तर्फ तान्दै थियो जहाँ उनलाई आउनको निम्ति निमन्त्रा गरिएको थियो, तर उनलाई पवित्र आत्माले अरुनै केहि गर्नको निम्ति जोड गर्दैथियो। उनी आफै आफ्नो रहेनन्।

92 हुनसक्छ कसैले यो भन्ला, “भाई सावल, भाई पावल, तपाई यहाँ आएको हामी चाहन्छौ, किनकि हामी संग सबै भन्दा ठूलो मण्डली छ। हामीसंग सबैभन्दा ठूलो मण्डली छ। तपाईको भेटिदानहरु र अरु त्यस्तै कुरा महान् हुनेछ।”

93 तर पवित्र आत्माको जोडमा रहदा, उनले सोचे, “त्यहानिर मेरो भाई छ, मलाई त्यहाँ जानुपर्छ र त्यो भाईलाई बचाउनु पर्दछ, र उनलाई प्रभू तर्फ ल्याउनुपर्दछ।” तरै पनि, पवित्र आत्माले अन्तै कतै जानलाई जोड गर्दैथियो। उनी साचो रूपमा एक कैदि थिए।

94 ओ परमेश्वर, हामीलाई त्यसै गरि कैदि बनाउनुहोस्, हाम्रो स्वार्थी महत्वकांक्षाबाट, र हाम्रो आफ्नो निर्णयहरुबाट र हाम्रो राम्रो तरिकाको सोच्ने शैलीबाट अलग हटाएर येशू ख्रीष्टको कैदि बनाउनुहोस्। मलाई लाग्छ त्यो भन्नु एउटा महान् अभिव्यक्ति हो, कि, “म येशू ख्रीष्टमा एक कैदि हुँ।”

95 र याद राख्नुहोस्, उहा नै वचन हुनुहुन्छ। बुझ्नुभयो? अरुले जे सुकै सोचलान् त्यसले केहि फरक पार्दैन, त्यो वचन नै हो। बुझ्नुभयो? यदि तपाई वचनको लागि एक कैदि हुनुहुन्छ भने, कुनै पनि नामधारी मण्डलीले तपाईलाई त्यसबाट अलग गर्न सक्दैन। यो वचन हो। तपाई केवल…तपाई त्यसको कैदि हुनुहुन्छ, त्यहि नै सबै कुरा हो। तपाईले त्यहि नै व्यवहार गर्नुपर्दछ जुन तरिकामा त्यसले गर्दछ।

96 अब, उनी कुनै निश्चित ठाउमा जान सक्दैनथिए जहाँ उनी जान चाहन्थे, किनभने (किन?) आत्माले उनलाई रोकेको थियो। तपाईलाई याद छ, धेरै पटक, पावल केहि ठाउहरुमा यो सोचेर जान चाहन्थे, "त्यहि नै हो जहाँ मैले ठूलो सभा गर्न सक्दछु," तर आत्माले उनलाई मनाई गर्दथ्यो। अब, के त्यसले स्पष्ट रूपमा भन्दछ कि पावल एक कैदि थिए भनि साबित गर्दछ? [सभाले भन्दछ, "आमेन"—सम्पा] येशूमा एक कैदि थिए, उहाको वचनमा आत्माद्वारा जुवामा जोडिएको थियो, ओ मलाई त्यो मन पर्छ।

97 उनी अनुबन्दित थिए। उनी सिक्रीले बन्दि पारिएका थिए, उनी प्रेमको जन्जिरले बाधिएका थिए, ताकि उनले परमेश्वरको इच्छा मात्र पूरा गर्न सकोस्। उनी एक कैदि थिए। उनी प्रेमको जंजिरले बाधिएका थिए। उनी ख्रीष्टसंग जुवामा नारिएका थिए। उनी अरु कुनै कुराको जुवा नारिन सक्दैन थिए। उनी उहासंग जुवामा नारिएका थिए। र जहाँ अगुवाई जान्थ्यो, त्यहि नै ठाउमा उनी जानुपर्दथ्यो। जत्ति सुकै *यो* तर्फी वा *त्यो* तर्फी चउर किन हरियो नहोस्, उनी त्यहि बाटो जान पर्दथ्यो जहाँ अगुवा र जुवा जादथ्यो।

98 ओ, आज राती, यदि हामी, ब्रन्हाम टेबरनेकल केवल कैदि बन्न सक्यौ भने; हाम्रा आफ्नै स्वार्थापनहरुबाट, हाम्रा आफ्नै महत्वकांक्षाबाट हामीले आफैलाई पूर्ण रूपमा आत्मसमर्पण गर्न सके र उहाको जुवामा नारिन सके, अरु कुनै कुराले हामीलाई फरक पर्न सक्ने थिएन चाहे बाकि रहेको दुनियाले जे सुकै सोचोस् र जे सुकै गरोस्। हामी प्रेमको जंजिरसंग जुवामा जोडिएका छौ। हामी कैदिहरु हौ। "मेरा पाउहरु ख्रीष्टको जुवामा यति जोडिएको छ कि, त्यो नाच्दैन। मेरा आँखाहरु ख्रीष्टको जुवामा यतिसम्म जोडिएको छ कि जब म यी सडकमा आधुनिक अर्ध नग्न वा नग्न स्त्री देख्छु, तब म आफ्नो शिर अर्को तर्फ घुमाउछु। मेरो—मेरो हृदय यति सम्म उहाको प्रेमको जुवामा जोडिएको छ कि, ममा यो संसारको लागि कुनै पनि प्रेम रहदैन। मेरा इच्छाहरु यतिसम्म उहाको जुवामा जोडिएको छ कि, मलाई मेरा महत्वकांक्षाहरु पनि के के छन् थाहा छैन। केवल, 'जहाँ पनि तपाईले अगुवाई गर्नुहुन्छ, म पछ्याउनेछु, प्रभु।' म एक कैदि हुनेछु।" बुझ्नुभयो?

99 पावल सच्चा रूपमा एक कैदि थिए। उनले कुनै गलत अभिव्यक्ति बनाएका छैनन्। वचनमा प्रतिक्षा गर्न उनलाई पवित्र आत्माद्वारा फेरी प्रशिक्षण दिईएको थियो। अब, उनी एक तरिकाले प्रशिक्षित पारिएका थिए, तर—तर परमेश्वर अब उनलाई अर्को तरिकामा प्रशिक्षण दिनुभयो। उनको महत्वकांक्षाहरु जस्तो सुकै किन नहोस्, उनलाई पवित्र आत्माले प्रभुमा प्रतिक्षा गर्न प्रशिक्षण दिनुभयो।

100 अब, म पवित्र आत्माद्वारा केहि कुरा तपाईलाई देखाउन मद्धत गर्नेछु। अब आउनुहोस् केहि उदाहरण लिऔं।

101 एक दिन, पावल र सिलास, तल कुनै निश्चित शहरको सडकमा जहा तिनीहरुले जागृति ल्याउदैथिए। र एउटा सानो, दुष्ट आत्मा लागेको केटि उनलाई पछ्याईरहेकि थिईन्, उनको पछाडि कराउदै थिईन्। र कुनै संका छैन, कि प्रेरित हुनुको नाताले, त्यस स्त्रीबाट त्यस दुष्ट आत्मालाई हप्काई निकाल्ने आफ्नो अधिकार पावललाई थाहा थियो। तर के तपाईले ध्यान दिनुभएको छ? उनले दिन ब दिन प्रतिक्षा गरिरहे, जब सम्म अचानक एकदिन पवित्र आत्माले उनलाई बोल्नुभयो, "यहि नै समय हो।"

102 तब उनले भने, "ए आत्मा, त त्यसबाट बाहिर निक्लेर आईज।" बुझ्नुभयो? उनले प्रभुमा प्रतिक्षा गर्न जानेका थिए।

103 र त्यहि नै आजको दिनमा धेरै जना मानिसहरुले वचनमा निन्दा गर्दछ। तिनीहरु बाहिर महत्वकांक्षाका साथ जादछन्। यहि कुराको कारणले कतीपय जागृतिका सभाहरु बिग्रिएर जाँदछ, किनभने प्रचारकले प्रभूले के भन्न चाहदैहुनुहुन्छ त्यस कुरामा प्रतिक्षा गर्दैनन्! तिनीहरु मध्ये कतिले भन्दछन्, "यहाँ आउनुहोस्," र तिनीहरु—तिनीहरु ठिक अहिले जान्छन् किनभने तिनीहरुको संस्थाले "जानको" लागि भन्दछ। र पवित्र आत्माले अरुनै कुरा भन्दछ। तरै पनि मानिस, कुनै प्रान्तको प्रेस्बिटर, या त्यस्तै अरु, या कुनै एल्डर, या कुनै बिशप, या अरु त्यस्तै बन्ने महत्वकांक्षाले उनलाई तानिरहन्छ, "तिमी जानै पर्दछ।" र, तरै पनि उ राम्रो संग यो जान्दछ। पवित्र आत्माले भन्दछ, "यहाँ *जाउ*।" बुझ्नुभयो? उनी आफ्नो संस्थासंग जुवा लगाईएको छ। उनी त्यो संस्थाको एक कैदि हो।

104 तर यदि उ ख्रीष्टमा जुवा लगाईएको छ भने, उ पवित्र आत्माद्वारा अगुवाई गरिएको हुन्छ। उ...?...बुझ्नुभयो? उनी, उनी जुवा लगाईएको हुन्छ, एक कैदि। उसलाई कसैले केहि भन्छ भन्ने कुराले उनलाई फरक पार्दैन; यो—यो एक—यो एक यो आवाज बज्दै गरेको एउटा पितल र झंझनाउदै गरेको झ्याँझ हुन्छ। उनले मात्र परमेश्वरको आवाज सुन्दछ र मात्रै त्यहि बोल्दछ जब त्यो बाहिर आउदछ। उनले अरु केहि भन्दैन।

105 कसैले भन्छ, "ओ, ओ, भाई जोन्स!" भाई रोबर्ट्स, या कोहि, हाम्रो देशमा यी महान् मानिसहरु आज, जस्तो कि टम्मी हिक्स, या—या ओरल रोबर्ट्स, या भाई टम्मी ओस्बोर्न, अरु त्यस्ता महान् प्रचारकहरु। यदि कसैले भन्छ भने, "भन्नुहोस्, यहाँ आउनुहोस्, टम्मी, तपाई परमेश्वरको महान् व्यक्ति हुनुहुन्छ।" (या ओरल) "र म—म मेरो अंकल हुनुहुन्छ जो यहाँ पुरा रूपमा ग्रस्त हुनुहुन्छ, र उहा बिमार हुनुहुन्छ। म तपाई यहाँ आएको चाहन्छु। म विश्वास गर्छु कि तपाईमा उहालाई चंगाई गर्न सक्ने बल छ।" बुझ्नुभयो?

र हुनसक्छ पवित्र आत्माले उनलाई भन्ला, "अहिले होइन।"

106 तर, यद्धपि त्यस व्यक्ति को मित्रताको कारणले उनी उसंग जान बाध्य हुन्छ। यदि उसले त्यस्तो गर्दैन भने, उनी त्यस व्यक्तिको शत्रु बन्न पुग्छ। त्यस व्यक्तिले भन्छ, "अ, उ *यहाँ—त्यहाँ* गयो, त्यो बच्चा वा त्यो केटालाई निको पार्यो, म जान्दछु उसले त्यो गर्यो। र म भने उसको वर्षौ देखि साथि भए, बुझ्नुभयो, र उ मेरो ठाउमा चाहि आउदैन।"

107 तर उनलाई त्यहाँ जानबाट पवित्र आत्माले अवरोध गरेको छ भने, उ नजादा नै राम्रो हुन्छ, यदि उ परमेश्वरमा जुवा लगाईएको छ भने। उसको मित्र, उसको प्रेम, तर उनी पवित्र आत्माद्वारा अगुवाई भएर जादा राम्रो हुन्छ, किनभने त्यसले कुनै पनि हालतमा केहि भलो गर्दैन। मैले त्यो अनुभव धेरै पटक गरेको छु।

108 तर पावलले के गर्ने भनेर केवल आत्माबाट सुन्नलाई पर्खिरहे। "आत्मामा पर्खिरहनूस्," भन्यो। उनी एक रात खडा भई प्रचार गरिरहे। र उनी त्यहाँबाट बाहिर निस्केर हिडे। उनले एउटा अपाङ्ग व्यक्तिलाई देखे। र एकाएक उनी संग आत्माले बोल्नुभयो, र उहाले भन्नुभयो, "मलाई लाग्छ..." कसरी? यहि नै तरिकामा उनले थाहा पाएका थिए कि मानिसहरुको डुंगा टापूमा क्षति भएको थियो। "म जान्दछु कि तिमीसंग निको हुनलाई विश्वास छ। आफ्नो खुट्टामा खडा होऊ। येशूले तिमीलाई निको पार्नुभएको छ।" बुझ्नुभयो? त्यहाँ तपाई हुनुहुन्छ। उनी—उनी...उनी जुवामा जोतिएका थिए। हुनसक्छ उसले हप्तौसम्म को जागृति सभा गरेर केहि पनि नभएको हुनसक्छ, तरै पनि उनले पवित्र आत्माले भनेको सुन्नलाई प्रतिक्षा गरिरहे। बुझ्नुभयो? उनी त्यो प्रभावकारी कुराको जुवामा जोतिएका थिए।

109 अब तपाईले भन्नुहुन्छ, "भाई ब्रन्हाम, तपाईले जे भन्नुहुदैछ यो आइतबार तपाईले भन्नुभएको कुरालाई गलत ठहराउदछ, जुन तपाईले यी समय भरि पर्खिरहेको छु भन्नुभएको थियो।"

110 र, तर, तपाई सम्झनुहोस्, उहा पवित्र आत्मा हुनुहुन्थ्यो जो मा संग बोल्नुभयो त्यो सडकमा, भन्नुभयो, "म तलाई बिरामी र दुखिहरुको माझमा फेरी पठाऊने छु।" बुझ्नुभयो? त्यो पवित्र आत्मामा आज्ञाकारी हुनु हो। पक्कै नै त्यहि हो। म तबसम्म गईन जबसम्म उहाले मलाई गर भनि भन्नुभएन। मैले "परमप्रभू यसो भन्नुहुन्छ" लाई पर्खिरहेको थिए जबसम्म मैले "परमप्रभु यसो भन्नुहुन्छ" पाईन। अब, त्यो बेग्लै हो। बुझ्नुभयो? अब, यो, त्यसले फरक पार्दछ। हो।

111 उनले प्रभूको वचनलाई प्रतिक्षा गरिरहे। उनले मात्र परमेश्वरको आज्ञालाई पूरा गर्नको लागि आत्माद्वारा जोड लगाईदै थियो, तब उनी येशू ख्रीष्टको एउटा कैदि भए। मित्रहरु, यदि हामी ख्रीष्टको मात्रै कैदिहरु भइदिए!

112 मलाई थाहा छ यो तातो छ। तर मलाई केहि अरु जोडि पात्रहरुको नाउ लिन मन छ, यदि तपाई चाहनुभयो भने। मैले लगभग छ या आठ ओटा यहाँ तल लेखेको छु। तर म—म मात्र अर्को एउटा वा दुइटा पात्रको नाम लिन चाहन्छु।

113 आउनुहोस् मोसाको चरित्र लिऔ। उनी एक छुटकारा दिनेवाला भई जन्मेका थिए। र उनले—उनले—उनले यो जानेका थिए कि उनी एक छुटकारा दिने भई जन्मेका थिए।

114 तर मोसाको विषयमा भन्नुभन्दा पहिले, म यो वक्ताव्य गर्न चाहन्छु, कि, परमेश्वरले सधै कुनै व्यक्तिलाई लिनुपर्छ, जसले उहालाई सच्चा रुपमा सेवा गर्छ, उहाको कैदि बन्दछ। एउटा मानिसले आफूसंग भएको सबै महत्वाकांक्षा सुम्पनुपर्दछ, सबै कुरा जुन उनी छन्,

सबथोक—सबथोक, उसको जीवन, प्राण, शरीर, इच्छा, महत्वाकांक्षाहरु, र सबै थोक, र पूर्ण रूपमा ख्रीष्टमा एक कैदि हुनुपर्दछ, ख्रीष्ट जो वचन हुनुहुन्छ, परमेश्वरलाई सेवा गर्न।

115 हुनसक्छ तपाईको असल न्याय शैलीको विपरीतमा तपाई हिड्नुपर्ला। हुनसक्छ, एउटा निश्चित संस्था, तपाईले सोच्नु होला, कि तिनीहरुले तपाईलाई माथि उचाल्छ र तपाइलाई कुनै महान् कुरा दिलाउछ, जुन तपाईले दर्साउन सक्नुहुन्छ। तर तपाईले आफ्नै लागि के पाउनुहुन्छ? तपाईले आफैलाई केहि समय पछि हार खाएको पाउनुहुन्छ, जबसम्म परमेश्वरले त्यो व्यक्ति पाउनुहुन्न जो उहामा एक कैदि बन्ने इच्छा गर्दछ।

116 परमेश्वरले कैदिहरुलाई खोज्दै हुनुहुन्छ। उहाले सधै त्यहि गर्नुभएको छ। हुनसक्छ तपाईले धर्मशास्त्र भएर खोज्न सक्नुहुन्छ। एक व्यक्ति कुनै पनि कुराको विरुद्ध भएर परमेश्वरको एक कैदि हुनुपर्दछ। त्यसैकारणले, तपाई अरुसंग नभएर ख्रीष्टसंग जोडिनु पर्दछ; यहासम्म कि तपाईको पिता, माता, दाजुभाई, दिदीबहिनी, श्रीमान, श्रीमती या कोहि पनि। तपाई मात्र ख्रीष्टसंग, मात्र उहासंग जडित हुनुहुन्छ, तब परमेश्वरले तपाईलाई प्रयोग गर्नसक्नुहुन्छ। उहामा नजोडीएसम्म तपाई सक्नुहुन्न।

117 बाहिर गएर कैले काहि म मानिसहरु संग कठोर कुराहरु गर्छु। बुज्नुभयो? म—म कोशिस गरिरहेको हुन्छु कि तपाइको पकड खुकुलो होस् भनि। तपाइको शुरुवात गर्ने स्थान हुनुपर्दछ, कैलेकाहि म यस कुरालाई कठोर रूपमा बोल्दछु, कि स्त्रीहरु आफ्नो केश छोटो काट्छन्, यी वस्त्रहरु लगाउछन्, र पनि आफु इसाई भएको दाबि निरन्तर राख्दछन्। भन्छन्, “त्यो सानो कुरा हो।” ठिक छ तपाईले कुनै ठाउमा शुरुवात गर्नुपर्दछ। त्यसैले ठिक त्यहिबाट शुरु गर्नुस्, तपाइको ए बि सी(ABC’s) बाट, बुझ्नुभयो? र संसारीक रुपलाई हरतारिकाले खुकुलो बनाई छोड्नुहोस्, र ख्रीष्टमा एउटा कैदि बन्नुहोस्। र तब त्यसो गर्दै जानुहोस्, हेरक कुरालाई त्याग्दै जानुहोस्, तब सम्म गर्नुहोस् जब अन्तिम रेखा त्याग्नुहुन्न। तब तपाई—तपाई...तब तपाई एउटा कैदि बन्नुहुन्छ। तब तपाई उहाको पकडमा हुनुहुनेछ। उहा, उहाले तपाईलाई उहाको पकडमा राख्नुहुनेछ।

118 अब, मोसाले जानेका थिए कि उनी एक छुट्कारा दिने भई जन्मेका थिए भन्ने। उनले त्यो थाहा पाएका थिए। र के तपाईले ध्यान दिनुभयो, मोसाको जुन महत्वकांक्षा थिए, ती उनको आमाले उसलाई भनेका थिए, उनको आमा दाईमा थिए।

119 कुनै सङ्का थिएन, जब मोसा सानो बालक जन्मेका थिए, उनको आमाले भनेका थिए, “तलाई थाहा छ मोसा, जब...तेरो बुवा, अम्राम, र मैले निरन्तर प्रार्थना गरेका थियौ। हामीले थाहा पाएका थियौ, र वचनमा देखेका थियौ, यो एक छुटकारा दिनेवाला आउने समय थियो। एक रात, प्रभुले हामीलाई भन्नुभएको थियो, एउटा दर्शनमा, कि तँ जन्मनेछस् र तँ छुट्कारा दिनेवाला हुनेछस्। हामी राजाको आज्ञाबाट डराएका थिएनौ। राजाले के भनेका थिए त्यसमा हामीले ध्यान समेत दिएनौ। तब, हामीले थाहा पाएका थियौ कि तँ एउटा छुट्कारा दिनेवाला भई जन्मेको छस्। अब, मोसा, हामी जान्दछौ कि तलाई हामीले राम्रोसंग पालन—पोषण गर्नसकेनौ।”

120 अब, याद गर्नुहोस्, तिनीहरु त्यहाँ तल मिश्रमा चार सय वर्षदेखि थिए। बुझ्नुभयो?

121 “र हामी—हामीले तैले सहि कुराहरु पाएको चाहन्छौ, सहि शिक्षा, सहि प्रशिक्षण पाएको चाहन्छौ। त्यसैले, मैले तलाई लगेर सानो डुंगामा राखिदिए, र निल नदिमा लगेर छोडिदिए। र मलाई जलधारामा अचम्म लाग्यो, त्यो सानो डुंगालाई विपरित दिशामा बगाएर अगाडिसम्मै लग्यो, त्यसलाई फारोको महलको भित्र त्यहाँनिर मोडिदियो, जहाँ फारोको छोरी एउटा जलकुण्डमा स्नान गर्दै थिई...जहाँ फारोको छोरीको स्नानकुण्ड थियो। र कसरी मैले जानेको थिए कि तँलाई हुर्काउन उसलाई एउटा स्त्रीको आवश्यक थियो।”

122 र ती दिनहरुमा, निश्चयनै, तिनिहरुसंग ती बालकहरुलाई हुर्काउन यी बोत्तलहरु थिएन, त्यसैले बच्चालाई दूध पिलाउने दाईको आवश्यकता हुन्थ्यो। त्यसैले...

123 “र, मरियम, मैले उनलाई त्यहाँ तल पठाए। र उनी त्यहाँ उभीईन् र उनले भनिन्, ‘मलाई थाहा छ दूध पिलाउने स्त्री कहाँ पाईन्छ भनेर,’ र मकहा आएर मलाई लागिन्। र, मोसा, सबै द्वारहरू बन्द भए। बाबू, तिमी सोह्र वर्षको भयौ अब, र तिमी फारोको छोरा बन्नेवाला छौ। र एकदिन तँ छुट्कारादिनेवाला हुनेछस् जसले यी मानिसहरुलाई यहाँबाट बाहिर निकालेर लानेछ।”

124 मोसाको महत्वकांक्षा बढ्नथाल्यो। “म अध्ययन गर्नेछु, आमा। मैले सक्नेसम्मको सबै कुरा पढ्नेछु। तपाईलाई थाहा छ म के गर्नेछु? म कसरी सैनिक व्यक्ति बन्ने भनेर पढ्नेछु, अनि मैले थाहा पाउनेछु कसरी मानिसहरुलाई यहाँबाट बाहिर निकाल्ने भनेर। म महान् जेनेरल, विशप बन्नेछु, ताकी मैले जन्नेछु यो कसरी गर्ने भनेर। र मैले—मैले बाहिर निकाल्ने छु। मैले मेरो पी.एच.डी या एल.एल पाउनेछु। मैले त्यसो गर्नेछु।”

125 जस्तो कि “पिता चिनीक्वे”, यदि तपाईले कहिले उहाको पुस्तक पढ्नुभएको छ भने। ठिक छ। उहाले “सबै प्रोटेसटेन्टहरुलाइ छुटाउन जादै हुनुहुन्थ्यो,” तपाईलाई थाहा छ, र उनी आफै एक बने। त्यसैले, यो महान् पूजाहारी, धेरै वर्ष पहिले, “पिता चिनीक्वे,” तपाईले उनको पुस्तकहरु लिएर पढ्नुहोस्। तिनीहरुले उनलाई “पिता” भन्दथे। उनी केवल एक भाई चिनीक्वे थिए, उनी यहि थिए। हामीले कुनै मानिसकलाई, “पिता” भनि बोलाउदैनौ। त्यसैले हामीले पाउछौ कि—कि हामी...उनले बाईबल पढ्न जादैथिए, ताकि उनी त्यहाँ गएर सारा प्रोटेसटेन्ट धर्मलाई गलत साबित गरी सबैलाई क्याथोलीक बनाउन सकोस्। र जब उनी बाईबल पढ्न गए, पवित्र आत्मा उनमा आए, र उनले पवित्र आत्मा पाए, अनि तब उनी ती प्रोटेसटेन्टहरु मध्ये नै एक भए।

126 त्यसैले तब यो ध्यान दिनुहोस्, मोसाले ति सबै प्रशिक्षण पाएका थिए, किनभने, उनले—उनले जानेका थिए। उनी होसियार थिए, एकदमै शिक्षित थिए, एकदमै विद्वान थिए कि त्यहाँ अरु कोहि त्यति विद्वान थिएनन्...उनले मिश्रीहरुलाई समेत सिकाउन सक्थे। उनले मनोवैज्ञानिकलाई समेत पढाउन सक्थे। उनले त्यहाका सेनापतिलाई सेनाको ताकत के हो सिकाउन सक्थे। उनी एक महान् व्यक्ति थिए। र मानिसहरु मोसासंग डराउथे उनको महानता देखेर। ओ, उसको ज्ञान यति महान् थियो कि, उनी एक आर्कविशप थिए, या पप जस्तै थिए। उनी एक महान् मानिस थिए। र उनी सक्तिशाली व्यक्ति थिए। र उनले जान्दथिए कि उनी यहि गर्न जन्मिएका थिए, र यी कार्य गर्न उनी ठूलो महत्वकांक्षा सहित प्रशिक्षण गरिएका थिए।

127 आज कै जस्तो। मैले यो भन्दिन कि मानिसहरु, विद्यालयमा प्रशिक्षण गरिएको, म त्यो भन्दिन…जस्तो तिनीहरुले अहिले यहाँ पश्चिममा गर्दैछन्, तिनिहरु अर्थात् पेन्टिकोष्टलले थियोलोजी स्कूलको एक सय पचास करोडको भवन बनाउदैछन्। एक सय पचास करोड डलरको स्कूल। मेरो लागि, त्यो मिसनरीहरु प्रचार कार्य क्षेत्रमा भइदिएको भएहुन्थ्यो। बुज्नुभयो? बुझ्नुभयो? बुझ्नुभयो? तर, जेसुकै होस्, जब तिनीहरु त्यहाँबाट निस्केर आए तिनीहरुले के गरे? तिनीहरु के हुन्? रिकिजका झुण्डहरु हुन्। वास्तवमै त्यहि हुन्। र तब त्यसरीनै तिनीहरुले बाहिर निस्केर आए। त्यो सधै नै त्यस्तै थियो, बाकि रहेकाहरु, र त्यो एउटै तरिकामा हुन्। बुझ्नुभयो?

128 अब हामी यो पाउछौ कि मोसाले आफ्नो सबै प्रशिक्षणको समय भरि, र आज, सबै प्रशिक्षणसंग ठूला ठूला बिशापहरु बनाउने र अरु त्यस्तै, महान्, र उच्चा महत्वकांक्षाका साथ्, हामीले के गर्नेछौ? हाम्रा महत्वकांक्षाहरु त्यस्तै नै बन्नेछन् जस्तो मोसाको भएको थियो। बुझ्नुभयो?

129 परमेश्वरले, पहिले आफूले कुनै व्यक्तिलाई आफ्नो हातमा ल्याउनुभन्दा पहिले, उहाले त्यसलाई आफ्नो महत्वकांक्षाहरुबाट निकालेर रित्तो पार्नुहुन्छ। उहाले त्यसलाई त्यसको प्रशिक्षणहरुबाट निकालेर रित्तो पर्नुपर्दछ।

130 उनी बाहिर गए, र उनले छुट्कारा दिए; उनले एकजना मिश्रीको हत्या गरिदिए। र उनी, र जब उनले त्यसो गरे, उनले थाहा पाएकि उनी गलतमा थिए भनि। उनले त्यसो गर्नसकेनन्। त्यो त्यस तरिकामा थिएन। र परमेश्वरले उनलाई जंगलमा, उजाडस्थानमा, एक मरुभूमिमा लानुपर्यो।

131 तपाईले ध्यान दिनुभयो, यो अचम्मको छ, कसरी यी मानिसहरुको लागि परमेश्वरसंग एउटा संदेश थियो। उहाले तिनीहरुलाई मरुभूमिमा लानुभयो।

132 उहाले पावललाई उजाडस्थानमा लानुभयो, उनलाई प्रशिक्षण दिनको निम्ति लानुभयो, यो मरुभूमिमा उहाले ती सबै महान् दर्शन के थियो सो भन्नलाई लानुभयो। "त्यो कुनै निश्चित मरुभूमिमा जा।" र उनी त्यहाँ तबसम बसे जब सम्म परमेश्वरले पूर्ण रूपले सबै कुरा थाहा दिनुभयो के गर्ने भनेर।

133 र मोसाको समयमा, उहाले उनलाई बाहिर मरुभूमिमा लानुभयो। त्यहाँ उनलाई चालिस वर्षसम्म राख्नुभयो, र उनको सबै थियोलोजी र उनको सबै महत्वकांक्षाहरु उनीबाट निकाल्नुभयो। ओ, कस्तो समय थियो, कि उनले पछाडि फर्केर आफ्नो असफलतालाई हेर्न सक्थ्यो। र कसरी हामी, आज राती, त्यहि नै गर्नुपर्दछ, जब हामीले हाम्रा महत्वकांक्षाहरु हेर्दछौ।

134 चंगाई अभियानमा हेर्नुहोस्, र हेर्नुहोस् यदि प्रभुले केहि वर्ष अघि देखि बिरामीहरुमा चंगाई पुनर्स्थापना गर्न शुरु गर्नुभयो, र अरु धेरै काम गर्नुभयो।

135 सबैजना, सबै संस्थाहरु, यस्तै भईरहेको छ, किनकि तिनीहरु यी संस्थाहरुको अगी आएका त थिएनन्, तर तिनीहरुलाई त आफ्नो लागि एउटा चंगाई गर्नेवाला चाहिएको थियो। र हामीले के गर्यौं? आउनुहोस् यसलाई मात्र एक क्षण हामी हेरौ। हामीले त्यहिनै

कुरा गर्यौ जे मोसाले गरेका थिए। हामी बाहिर गयौ र कुनै तरिकाको चमत्कार उत्पादन गर्न धेरै नै प्रयत्न गर्यौ। "मैले एउटा रोगको गन्ध सुन्धे। म—म—मेरो हातमा रगत भयो," र एउटा चमत्कार उत्पादन भयो। बुझ्नुभयो? र हामीले के पायौ? कोहि मानिसहरु यस्तो भारी दबाबमा आए, तिनीहरु चोटले टूटे र लगातार पिउने जडिया भए, नशालू र सोचाइमा भ्रष्ट भए। र तिनीहरु ती पेन्टिकोष्टल तरिका र उदेश्यबाट निस्केर फेरी फर्केर त्यहि संगठित संस्था बनाउनतिर गए। बुझ्नुभयो?

136 हामीले के गर्यौ? लगभग एउटा मिश्रीलाई मारिदियौ। त्यो ठिक हो। र हामीले कोशिस गर्यौ। हामी तनाबमा भयौ। हामीले मूल्य तिर्यौ। हामीले मजदूरी गर्यौ, सबै लामो रातीसम्म स्वर सुक्ने गरी प्रार्थनाको सभामा गयौ। र—र केहि निर्माण गर्ने कोशिस गर्यौ, र केहि निचोड निकाल्ने कोशिस गर्यौ, र यस्तै खालको सबै प्रयास गर्यौ, र अन्त्यमा यी सबै पूर्ण रूपले विफल भएको पायौ। हामी फर्केर मरुभूमिमा जान आवश्यक छ। यो सहि हो। हो, श्रीमान्। हामीले कोशिस र संघर्ष गर्यौ। किन हामी यसमा हार मान्दैनौ? त्यहि नै हो तपाईले गर्न पर्ने, हेर्नुहोस्, फर्केर जानुहोस् र हार मान्नुहोस्। किन, हामीले त्यहि गर्यौ जे तिनीहरुले गरेका थिए, त्यहि कुरा गर्यौ जुन मोसाले गरेका थिए। यसले कुनै फाईदा गर्दैन। चालिस वर्ष पछि, उनले आफैलाई परमेश्वरको वचनमा एउटा कैदिको रूपमा पाए। हामीले के गर्न कोशिस गर्दैछौ?

137 जब, महान् आषिश बाहिर आयो, र परमेश्वरले हामीलाई यस विषयमा भन्नुभएको सबै महान् कुराको प्रकटीकारण भयो, हामी कसरी नया गरी जन्मनु पर्दथ्यो; र कसरी हामीले पवित्र आत्मा प्राप्त गर्नुपर्दथ्यो, र पवित्र आत्माको वप्तिष्मा येशू ख्रीष्टको नाउमा र यी सबै कुराहरु यहाँ पाउनु पर्दथ्यो।

138 तपाईले देख्नुभयो, मानिसहरु उहाको वचनमा बस्नुको साट्टो, उहाको जुवामा जोडिनुको साट्टो, तिनीहरुले के गरे? तिनीहरु आफैले संगठित नामधारी संस्थाको सिद्धान्तको शुरुवात गरे, जुन पहिले नै विफल भईसकेको थियो, र यस्तो कुरा उत्पादन गर्ने कोशिस गरे जुन सत्य जस्तो देखिन्थ्यो।

139 मैले ठिक त्यहाँ छोट्त्याउदा राम्रो हुन्छ होला। बुझ्नुभयो? म निस्चय छु कि तपाई मैले भन्न खोजेको कुरा बुझ्न सक्षम हुनुहुन्छ। बुझ्नुभयो? तर किन, हेर्नुहोस् यसले के गर्यो। यसको विषयमा सोच्नुहोस्।

140 हामीले के पाएका छौ, आजराती? मात्र एउटा देश जुन संगठित मानिसहरुले भरिएको छ; जसले परमेश्वरको वचनलाई नकार्दछ; जसले पवित्र आत्माको जीवनलाई "दिमागले पढ्न सक्ने कला" भन्दछ; तिनीहरु यस्तो छन् जो आफ्नो मण्डलीमा यस्तो कुनै कुरालाई आउनबाट नै रोकी दिन्छन्। र तिनीहरुले तपाईलाई सर्पको बिउ, अनन्त सुरक्षा, र पवित्र आत्माले प्रकास गरेको र वचन हो भनि प्रमाणित गरेको कुराहरुको विषयमा एउटा पनि शब्द उल्लेख गर्न अनुमति दिदैन। मैले चुनौती माथि चुनौती दिएको छु कि यहाँ आएर मलाई गलत प्रमाणित गरियोस्।

141 तिनीहरुले के पाएका छन्? तिनीहरुसंग त्यहि कुरा छ जुन लूथरसंग थियो, बाकि रहेकाहरुले मिश्रीहरुलाई मारे। यो के थियो। हुनसक्छ, यसलाई कुनै व्यक्तिले शुरू गरेको होला...चोरी गर्न छोडिदिएको होला, या उ आफ्नो श्रीमती प्रति साचो भई बस्न थालेको थियो होला। तर तपाईले त्यसबाट यस व्यक्तिलाई के बनाईदिनुभयो? एउटा मण्डलीको सदस्य। "आऊ र हाम्रो समूहमा शामिल हौ।" बुझ्नुभयो?

142 त्यहि मृत दुर्गन्धित व्यक्ति मात्र थियो जसमा मोसाले आफ्नो औला तोकेर आफ्नो चालिस वर्षसम्मको प्रशिक्षणको सफलतालाई देखाउन सक्थ्यो, एउटा दुर्गन्धित मिश्री जो त्यहाँ सडेको र मृत लडिरहेको थियो।

143 त्यहि नै तरिकामा आजराती भएको छ। एउटै मात्र कुरा जुन हामीले देखाउन सक्छौ त्यो जागृतिलाई जुन पार गरिएको छ, त्यो त्यहि दुर्गन्धित मण्डलीका सदस्यहरु जसले यत्ति पनि प्रभूको बारेमा जान्दैनन् जति ती होट्टेनटट जातिले मिश्रीहरुको रात्रि कुरा जानेका छन्। त्यो सहि हो। त्यसले तिनीहरुलाई परमेश्वरको वचनको विषयमा भन्दछ, र तिनीहरु भन्दछन्, "म त्यो विश्वास गर्दिन" भन्छन्, "तिमीले के भन्छौ मलाई त्यसको मतलव छैन, म यो विश्वास गर्दिन।" बुझ्नुभयो? यो अति नै भयानक कुरा हो जुन ती सबै तनाब र संघर्ष र सबै कुराहरु जुन हामीले पाएका छौ कि यसले पछाडितिर इशारा गर्दछ।

144 हुन सक्छ हामीले ठूलो विद्यालय देखाउन सकौला, तर त्यो मृत छ। हामीले संगठित संस्थालाई देखाउन सकौला तर त्यो मृत छ। त्यो दुर्गन्धित छ। यो त ठिक त्यहि पहिले वाला जस्तो कुरा हो जसबाट हामी जोर लगाएर बाहिर निक्लिएर आएका थियौ; र जब हामी त्यहि तर्फ फर्कन्छौ "एउटा सुँगुर आफ्नै हिलोमा फर्केर गएको जस्तै, र कुकुर आफ्नै बान्तामा फर्केर गए जस्तै" नै हो। एउटा मृत मिश्री हो।

145 कुनै संकानै छैन तर कसैले भनेको थियो, "मोसा, ठिक छ, के तिमीभित्र मानिसहरुको निम्ति कुनै पनि भावना बाकि छैन? तिमी यहि गर्नको निम्ति बोलाईएका हौ।" कोहि जसले मोसालाई चिनेको छ, र उनलाई त्यसैको लागी बोलाईएका हुन् भनि जानेको छ। "र...र तिमीले मानिसहरुको लागि भावना हरायौ?"

"होइन, श्रीमान्।"

146 "ठिक छ, तब तिमी किन बाहिर गएर *यो* गर्दैनौ? किन तिमी त्यहाँ गएर *यो* गर्ने कोशिस गर्दैनौ? किन तिमी तिनीहरुसंग मिलेर बाहिर जादैनौ?"

147 मोसा त्यहाँ तबसम्म रित्तो हुदै जादैथियो, जबसम्म उनमा त्यो जलिरहेको पोथ्राको अनुभव भयो, जुनले वचनको घोषणा गर्यो। "म उहि अब्राहाम, इसाहाक र याकूबको परमेश्वर हू।र मैले मेरो प्रतिज्ञा सम्झेको छु। र म यहाँ तल तिनीहरुलाई छुट्कारा दिलाउन आएको छु। म तलाई यस कार्य गर्नको निम्ति पठाउदै छु।" र त्यहि नै हो।

148 उनले वचन देखेका थिए, कुनै मानिसहरुको महत्वकांक्षा या मानिसहरुको आकांक्षाहरु देखेका होइनन्। तब उनी के बने? उनलाई मिश्रीहरुको आमनेसामने हुन कत्ति मन भएन। उनलाई यी कुराहरुको आमनेसामने हुन कति पनि मन थिएन। तर उनी एक कैदि थिए। आमेन। चालिस वर्षसम्म भागीरह्यो, अझै रित्तो हुदै गयो, तर तब

उनी जलिरहेको पोथ्रामा, शक्तिशाली मोसा आफ्नो पूर्ण ज्ञानमा भएका उनी एक कैदि भए। बाईबलले भन्छ, मिश्रमा मोसा आफ्नो वचनमा या आफ्नो काममा एक शक्तिशाली पुरूष थिए।

149 तर हेर्नुहोस् त्यो जलिरहेको पोथ्राको उपस्थितिमा त्यस शक्तिशाली थियोलोजनले के गरे। उनले मात्र आफ्नो असक्षमताको कुरा स्वीकार गरे। जब उनले वास्तविक परमेश्वरको उदेश्य थाहा पाए, उनले त्यो कार्य गर्नको निम्ति असक्ष रहेको स्वीकार गरे। यद्धपि उनी सबै थियोलोजीबाट प्रशिक्षित थिए जुन तिनीहरुले दिनसक्दथे, तिनीहरुको सर्वोत्तम विद्यालयमा प्रशिक्षित थिए। तर, अझै पनि उनले के गर्न सक्थे...जब आगोको खामो त्यस जलिरहेको पोथ्रामा थियो? उनले भने, “म त बोल्न पनि सक्दिन। प्रभु म कोनै होर गएर यो गर्न सक्ने?” देख्नुभयो?

150 “तेरो जुत्ता खोलेर आइज, मोसा। म तसंग बोल्न चाहन्छु। आफैले रित्तो तुल्या, तेरो जुत्ता समेत खोल्। कि त भुइँमा फेरी सिधा बस्। म तसंग बोल्न चाहन्छु।”

151 बोल्न पनि सक्दैन थिए। अन्ततः एक चुनिएको कैदि, एक चुनिएको अगमवक्ता, जस्तो गरि पावल चुनिएका थिए। मोसा एक छुट्कारा दिने भई चुनिएका थिए। र त्यसपछि अन्ततः परमेश्वर आफूले चुनेको व्यक्तिलाई एक कैदि तुल्याउनु भयो। ओ, हाल्लेलुया! उनी तब मात्र चल्न सक्दथे जब परमेश्वरको वचनले उनलाई चलाउदथ्यो। “कसले मलाई पठायो भनि मैले भन्नु?”

“म हूँ।”

“म कसरी गर्नेछु?”

“म तँ संग हुनेछु”

152 “हो, प्रभू, जस्तो तपाईले भन्नुभयो। म यहि छु।” ओ, उनी एक कैदि हो।

153 उनी आफ्नो उत्तम सोचको विरूद्धमा गए। अब, उनले सैनिकलाई आदेश दिने प्रशिक्षण लिएका थिए। “तरवार मुखमंडलसम्म माथि गरियोस्!” जानको निम्ति प्रशिक्षण गरिएको थियो, “कि सबै रथ एकै क्रममा रहोस्, भाला अगाडि निकालेर आक्रमण गर्नको लागि चलाऊन।” त्यहि नै तरिकामा उनले जय पाउन जादै थिए। त्यो उनको प्रशिक्षण थियो।

तर उनले भने, “म के प्रयोग गर्न जानेछु त?”

भन्नुभन्यो, “तेरो हातमा के छ?”

154 “एउटा लौरो छ।” परमेश्वर कहिलेकाहि यस्तो विचित्र काम गर्नुहुन्छ कि मानव–मष्तिस्क लाई अचम लाग्दछ। बुझ्नुभयो? उनको हातमा एउटा लौरो थियो। उनी अस्सी वर्षको वृद्धा भैसकेका थिए, उनको मुहारमा दाह्री झुण्डिरहेको थियो। उनको श्रीमती खच्चडमाथि थियो; उनको बालबच्चा उनको काँखमा बसिरहेको थियो। जब उनी लौरो लिएर जादथे उनको लौरो लिएको सानो बुढो हात हल्लिन्थ्यो। मात्र उनको शिर खडा भयो,

किनकी उनीसंग “परमप्रभू यसो भन्नुहुन्छ” भन्ने वचन थियो। किन? उनले आखिरमा यो पाएरै छोड्यो।

155 उनी एक कैदि थिए। “म तब मात्र चल्नेछु जब वचन चल्नेछ। म तब मात्र बोल्नेछु जब वचन बोल्ने छ।

“तिमी कहाँ जादैछौ?”

156 “मैले एउटा आज्ञा पाए: फारोको अगाडि खडा भई, र यस लौरोद्वारा त्यसलाई देखाउ कि परमेश्वरले मलाई पठाको हो भनि।” आमेन

“तिमीले त्यसपछि के गर्न जादैछौ?”

“मैले यो गरेपछि उहाले अर्को कुरा दिनुहुनेछ।”

157 त्यहाँ तपाई हुनुहुन्छ। तपाईले गर्नपर्ने एउटा मात्र कुरा छ, पहिलो कदम यो छ आज राती: आत्मसमर्पण गर्नुस्, एउटा कैदि बन्नुहोस्। आफ्नै लागि या अरु कुराको बारेमा नसोच्नुहोस्। एउटा कैदि बन्नुहोस्।

158 मोसा एउटा कैदि बने, उनी बोल्न समेत सक्दिन भनेर स्वीकार गरे। अन्ततः जब परमेश्वरले उनलाई आफ्नो हातमा लिनुभयो, जहाँ उनी तब मात्र चल्न सक्दथे जहाँ परमेश्वरले उनलाई चलाउनुहुन्थ्यो। जहाँ उहाले उनलाई वचन भन्नुभयो। उनले थाहा पाएका थिए कि त्यो वचन थियो। तब उनले स्वयम् आफैलाई वचनमा सुम्पिदिए। र त्यहाँ पवित्र आत्मा, परमेश्वरले मोसालाई परमेश्वरको इच्छामा जुवा लगाउनुभयो।

159 त्यहि नै कुरा उहाले पावललाई पनि गर्नुभएको थियो। त्यो सहि हो? [सभाले भन्छ, “आमेन”—सम्पा] उहाले पावललाई जुवामा जोत्नुभयो; सानो, उच्च नाकवाला, तानेबाज यहूदी थिए, ओ, जसमा पी.एच.डी र एल.एल.डी उनको नाममा लेखिएको थियो। तर उहाले भन्नुभयो, “म यसलाई वचनको खातिर यसले के के भोग्नेछ भनि देखाउनेछु।” बुझ्नुभयो? र उनले...

160 र तब पावल त्यहाँ बसेर वचन हेर्दैथिए, र त्यो येशू हो भनि देखेर, तब उनले आफ्नो हात उठाए, तब उनले आफ्नो हात माथि उठाए र उहाको जुवामा जोतिए। परमेश्वरको वचनले उनलाई वचनमा जुवा लगाईदियो। “उनले अन्यजातीहरुको सामू मेरो नाउको गवाहि दिनेछ।” तब उनी त्यहाँ गए।

161 “मोसा, म तेरा पूर्खाहरुका परमेश्वर हूँ। म अब्राहाम, इसाहाक, र याकूबको परमेश्वर हूँ। मलाई सम्झना छ मैले तिनीहरुमा प्रतिज्ञा गरेको थिए, र प्रतिज्ञाको समय नजिक आएको छ। र मैले मेरा मानिसहरुको दुःखलाई देखेको छु। मैले मेरो प्रतिज्ञा सम्झेको छु। र म तलाई जुवामा जोत्न तल आएको छु। तलाई थाहा छ वचनले के भनेको छ। मैले तलाई त्यहाँ तल जानलाई जुवामा जोतेको छु, त्यहाँ तल गएर मेरा मानिसहरुलाई छुटाएर ल्याउन सक्नको निम्ति मैले तलाई शक्तिका साथ जुवामा हालेको छु। र त्यो लौरो साक्षीको रुपमा तेरो हातमा लिएर हिड्, किनकि तैले त्यसद्वारा चमत्कार गरिएको देखेको छस्” जसरी दाउदले घुएत्रोमा देखेको थियो। बुझ्नुभयो?

162 जुवामा जोतियो, उनी आफैलाई, र उनी तल गए। अन्ततः परमेश्वरसंग एउटा व्यक्ति भयो जो उहामा सुम्पिएको थियो, उहाको जुवामा जोतिएको थियो, र तब सम्म चल्न सक्दैन थियो जबसम्म परमेश्वरको वचनले उनलाई चल्न लगाउदिन थियो। यदि मानिसहरुले आज केवल त्यो गरे त, तब, उनी उहाको कैदि हुनेथियो, प्रेमको एउटा कैदि हुनेथियो, प्रेमको बन्धनको जुवामा नारिने थियो, परमेश्वरसंग, जसरी पावल परमेश्वरको प्रेमको बन्धनको जुवामा नारिएका थिए।

163 पावल जस्तै, दुवैजना एकै तरीकाले प्रशिक्षित थिए। तपाईलाई थाहा छ, मोसालाई सैन्य शक्ति द्वारा इस्राएलका सन्तानलाई छुट्कारा दिनको निम्ति प्रशिक्षण दिईएको थियो। पावललाई रोमीहरुको हातबाट तिनीहरुलाई निकालेर मुक्त गराउन त्यस बेलाका संसारका महान् याजकका बलद्वारा प्रशिक्षण गराईएको थियो, गमालिएलको रेखदेखमा ठूलो ठूलो प्रशिक्षण विद्यालयमा उनी प्रशिक्षित थिए।

164 र दुवै जना मरुभूमितिर गए; बेग्लै व्यक्ति भई फर्किए। दुवैजनाले आगोको खामो देखे। र दुवैजना अगमवक्ताहरु थिए। त्यो सहि हो? [सभाले भन्दछ, “आमेन”—सम्पा] दुवैजना अगमवाक्ताहरु थिए। र दुवैजनालाई आगोको खामोद्वारा बोलियो, त्यो ठिक साचो हो, दुबैजना छुट्कारा दिनको लागि आए। त्यहाँ तिनीहरु थिए; मरुभूमिमा गए। आफ्ना घरहरु छोडे र मरुभूमिमा यो पत्ता लगाउन गए। परमेश्वरको इच्छा पत्ता लगाउन तिनीहरुका मानिसहरुलाई छाडे र सबैकुरा छाडे। बुझ्नुभयो?

165 तिनीहरु एक तरिकामा प्रशिक्षित थिए; परमेश्वरले तिनीहरुलाई अर्कैमा परिवर्तन गर्नुभयो। र तिनीहरु पूर्ण रूपले कैदि बन्नुपर्थ्यो, ताकी तिनीहरुले त्यस तरिकामा व्यवहार नगर्नलाई जुन तरिकामा तिनीहरुले गर्न चाहन्थे, तर परमेश्वरले इच्छा गर्नुभए अनुसार व्यवहार गर्नको लागि। उहा हिजो, आज र सधै भरि एकै समान हुनुहुन्छ।

166 के हामीसंग त्यहाँ अर्को दस मिनेट छ यसलाई प्रष्ट्याउनको लागि? [भाई नेभिलले भन्नुहुन्छ, “आमेन”—सम्पा]

167 र म वास्तवमै छिटो छिटो अर्को पात्रमा जानेछु। र यसको अगाडि म अर्को एउटा हेर्नेछु। उनको नाउ योसेप हो। उनी एक चुनिएको छोरा थियो। उनी येशू ख्रीष्टको एउटा सिद्ध रुप थियो। उनी एक अगमवक्ता भई जन्मेका थिए। उनी एक अगमवक्ता पनि थिए। बुझ्नुभयो? र अब उनले दर्शन पनि देख्न सक्थे। र जब उनी अझै पनि सानो केटा थिए, उनले आफ्नै बारेमा आफु सिंहासनमा बसेको दर्शन देखे, र दर्शनमा उनको दाजुभाईहरुले उनलाई दण्डवत गरेका थिए। बुझ्नुभयो? तर हेर्नुहोस्। उनी बने...उनलाई उनी एक ठूलो केटाजस्तो अनुभव भयो। बुझ्नुभयो? सबै जनाले...

168 तर परमेश्वरले के गर्न पर्नेथियो? उहाले त्यहि नै गर्नुभयो जुन उहाले बाकि रहेकोसंग गर्नुभएको थियो। किनभने, मोसा छुट्कारा दिलाउनेवाला थिए, पावल एक छुट्कारा दिलाउनेवाला थिए, र अब योसेप पनि एउटा छुट्कारा दिलाउनेवाला थिए। उनले अनिकालबाट आफ्ना मानिसहरुलाई बचाएका थिए।

169 परमेश्वरले उनलाई के गर्नुपर्ने थियो? उनलाई झ्यालखानामा हाल्न पर्नेथियो, उनलाई सिधै झ्यालखानामा हाल्न पर्दथियो। हो, श्रीमान्। याद गर्नुहोस्, उनी आफ्नै दाजुभाईहरुबाटै एउटा मिश्रीकोमा बेचिएका थिए। र तिनीहरुले उनलाई पोथीफरकोमा बेचिदिए। र पोथिफरले उनलाई थोरै स्वतन्त्रता दिएको थियो, र, पहिले कुरा तपाईलाई थाहा छ, त्यो उनीबाट खोसियो। र तिनी त्यहाँ झ्यालखानामा रुदै बसे, परमेश्वरले उनलाई रित्तो पार्नुपर्दथ्यो।

170 अब ध्यान दिनुहोस्। तर, हरेक समयमा, म विश्वास गर्छु, उनी, त्यो झ्यालखानामा उनले दर्शनले भनेको त्यो कुरा स्मरण गर्दथिए कि उनी एक दिन सिंहासनमा बस्नेछन्, र उनका दाजुभाईहरुले उनलाई दण्डवत् गर्नेछन्, किनभने उनले जानेका थिए कि उनका वरदानहरु परमेश्वरबाट आएका थिए। र उनले जानेका थिए कि ती कुरा पूरा हुन आउनेछ भनेर।

171 यदि हामीले केवल यो कुरा हाम्रो मनमा राख्न सक्यौ भने, र परमेश्वरको वचन अनुसार, कि यस अन्तिम दिनहरुमा उहाको मण्डली हुनेछ, उहाको मानिसहरु हुनेछन्। र यी कुराहरु जुन उहाले प्रतिज्ञा गरेका थिए, उहाले ति कुराहरु पूरा गर्नुहुनेछ। उहाले गर्छु भनि भन्नुभएको छ र हामी त्यहि समयमा जिउदै छौ। हामी त्यस समयमा छौ। उहाले मात्रै हामीलाई सच्चा कैदि बनाउन चाहनुहुन्छ, उहासंग जोडिनुहोस्।

172 तपाईले त्यो पुरानो भजन सुन्नुभएको छ जुन हामी गाउने गर्दछौ, "र तब मा परमेश्वरसंग भित्र बन्द हुनेछु"? म परमेश्वरसंग भित्र बन्द हुन चाहन्छु। अब, यहि हो त्यो जहाँ मैले यसको बारेमा सोचेको थिए। परमेश्वरसंग भित्र बन्द हुनु, अरु केहिमा होइन, र तपाई तब मात्र चल्नुहुनेछ जब परमेश्वरले चल्नको निम्ति भन्नुहुन्छ। तपाईले त्यो मात्र गर्नुहुन्छ जुन परमेश्वरले गर्नको लागि भन्नुहुन्छ, बुझ्नुभयो, तब तपाई परमेश्वरसंग भित्र बन्द हुनुहुनेछ।

173 अब याद गर्नुहोस्, उनले सोच्दै थिए। उनी पूर्णरूपले आफैमा असफल पनि रहे। ती सबै जति उनले जानेका थिए, ती सबै जति उनले बुझेका थिए, र सबै कुरा, उनी पूर्ण रूपले असफल भए। उनलाई यस्तो परिस्थितिमा पारिएको थियो जहाँ उनले भनेको कसैले सुन्दैन थिए। उनी एक कैदि थिए। बुझ्नुभयो? उनलाई यस्तो परिस्थितिमा राखियो, जहाँ अविश्वासीहरुले उनलाई विश्वास गर्दैन थिए। मैले भन्न खोजेको कुरा देख्दै हुनुहुन्छ? [सभाले भन्छ, "आमेन"—सम्पा] उनको सेवाकार्य असर रहितको थियो। मानिसहरुले उनीबाट आफ्नो सोच बदलदिए। तिनीहरुले उनलाई बन्दीगृहमा कुनै ध्यान दिएनन्। उनको सेवाकाईले के नै राम्रो गर्थ्यो र। हुनसक्थ्यो उनी बन्दीगृहको पर्खालमा खडा भएर तिनीहरुलाई प्रचार गर्थ्यो; तिनीहरु तल सडकमा हिड्थे होला। बुझ्नुभयो? तर उनी एक कैदि भए। परमेश्वर त्यसलाई तबसम्म कैदि बनाईराख्नुहुन्छ जब सम्म पांग्रा पुरै तरिकाले घुम्दैन। र भन्नुहुन्छ, "यहाँ छ मेरो मानिस।" महिमा होस्! पूर्ण असफलतामा राख्नुहुन्छ।

174 अन्ततः परमेश्वर उनको बन्दीगृहमा आउनुभयो। पावललाई जस्तै गरी, बाकि अरु सबैलाई जस्तै गरी, उहा उनकोमा आउनुभयो। र उहाले उनलाई त्यहाँबाट निस्किनलाई

त्यो वरदान प्रयोग गर्नुभयो जुन उहाले उनलाई दिनुभएको थियो। त्यो साचो हो। उहाले उनलाई उनको बदिगृहबाट ल्याउनुभयो। उहाले के गर्नुभयो? जसै उहाले उनलाई बन्दिगृहबाट ल्याउनुभयो, उनलाई राजाबाट अधिकार प्रदान गरियो, उनको राजा, जसको बराबरमा उनी बसेका थिए। उनलाई बन्दिगृहबाट ल्याईयो अनि अधिकार दिईयो; यहासम्म कि जे उनले भन्दछ त्यो हुनुपर्दथ्यो। आमेन।

175 उनको बन्दिगृहमा, उनले लगातार सम्झे कि उनी एक उदेश्यका लागि जन्मीएका थिए। उनी एक राजाको बराबर बस्नेवाला थिए। बाकि अरु सबै उनको अगाडि झुकेर घुडा टेक्नेवाला थिए। उनको दर्शनले उनलाई त्यसो भनेको थियो। आमेन। तर उनको दर्शन पूर्णरूपले सम्पन्न हुन अगाडि उनी एक कैदि हुनपर्ने थियो। आमेन। र त्यसपछि शाशक बन्नेवाला थिए। र जब उनी आफ्नो बन्दिगृहबाट आए, र परमेश्वरको वचनको एक कैदि भए, उनले मात्र त्यो भन्नसक्थे जो परमेश्वरले उनको मुखमा हालिदिनुहुन्थ्यो, तब परमेश्वर उनीबाट काम गर्नुहुन्थ्यो।

176 ध्यान दिनुहोस्, कि मोसासंग त्यस फारोको राजकुमारहरुलाई आफ्नै इच्छामा बान्न सक्ने अधिकार थियो, “यदि तपाईले यस पहाडलाई यहाँबाट हटिजा भनि आदेश दिनुभयो भने त्यो हट्नेछ।” उनीसंग फारोको राजकुमारहरुलाई काबूमा राख्नसक्ने शक्ति थियो। चाहे तिनीहरु डिकन होस्, या प्रेस्बिटर होस्, या तिनीहरु प्रदेशका प्रतिनिधि होस् या तिनीहरु जोसुकै होस्। उनले भने, “म तलाई बान्दछु,” र तिनीहरु बन्धनमा बाधिन्थे। त्यहि नै हुन्थ्यो। उनले यो आफ्नै वचनमा गर्न सदक्थे, उनले आफ्नै खुसीमा गर्न सक्दथे। आमेन। परमेश्वरको महिमा होस्!

ओ, मसंग मात्रै तिन मिनेट बढि बाकि रहेको छ, त्यसैले म मेरो वचन राख्छु।

177 अब हामीले यो पाउछौ, कि उनी संसारको कैदिबाट परमेश्वरको लागि एक कैदि भए। पावल देखिबाट...त्यहिनै तरिकामा छ। र मोसाको पनि उहि तरिकामा छ, उनको आफ्नै सोच–विचारको कैदिबाट परमेश्वरको एउटा कैदि भए। र जब उनी बाहिर निस्केर आए, उनीसंग परमेश्वरको सामर्थ्य थियो। र जब उनी पावल भए...जब मोसाको पुरानो सोचाई, उनी त्यसबाट रित्तो भई आत्मसमर्पण गरे, उनी ख्रीष्टको वचनको एक कैदि भए। र उनी त्यहिमात्र हिड्डुल गर्नसक्दथे जहाकहि...

“तपाईले भन्नुहुन्छ, ख्रीष्ट?”

178 उनले ख्रीष्टको खातिर निन्दा उठाउनु मिश्रको खजानाहरुभन्दा महान् ठाने। “त्यसैले उनी ख्रीष्टको कैदि थिए जसरी पावल थिए।”

179 याद राख्नुहोस्, ती तिनै जना अगमवक्ताहरु थिए। बुझ्नुभयो? परमेश्वरको इच्छा र मार्गहरुको एउटा कैदि बनिन तिनीहरु आफ्नै विचारबाट रित्तो पारिनुपर्थ्यो।

180 तब हामी याद गर्दछौ, अब, उनको आफ्नै वचनमा उनीसंग बाध्न सक्ने सामर्थ्य थियो। उनको आफ्नै वचनमा बन्धनबाट छुटाउन सक्ने सामर्थ्य थियो। उनले भन्न सक्दथे, “म तिमीलाई राजाको नाउमा छुट्कारा गराउदछु।” आमेन। फारोले योसेफलाई आफ्नो धर्म पुत्र बनाएका थिए।

181 ख्रीष्टले आफ्ना छोरछोरीहरुलाई प्रेमको कैदि बनाउनुहुदछ। र उहाले तिनीहरुलाई सामर्थ्य दिनुहुन्छ, त्यहि कुरा जुन उहासंग छ। यूहन्ना १४:१२ “तिनीहरु जसले म मा विश्वास गर्दछन्,” बुझ्नुभयो “मैले जुन काम गरेको छु ती तिनीहरुले पनि गर्नेछन्। अझै यो भन्दापनि बढ्ता गरेर गर्नेछन्।” अब ख्रीष्टको प्रेमको कैदि उसको राजाद्वारा शक्तिशाली हुदछ, जो ख्रीष्ट हुनुहुन्छ। आमेन। “र साचो साचो म भन्दछु, यदि तिमीले यस पहाडलाई हटेर जा भन्यौ र तिम्रो हृदयमा संका गरेनौ भने, तर जे तिमीले भन्यौ सो पुरा हुन्छ भनि विश्वास गर्यौ भने, तिमीले भनेको कुरा तिमीले पाउनेछौ। यदि तिमी म मा र मेरो वचन तिमीमा वास गर्यो भने; यदि तिमी ममा जुवामा जोडियौ भने,” किनभने उहा र उहाको वचन एकै हो। “आदिमा वचन थियो, र वचन परमेश्वरसंग थियो। र वचन देहधारी भयो र हामी माझ वास गर्यो। हिजो, आज, र सधैभरि एकै समान हुनुहुन्छ! यदि तिमी ममा वास गर्यौ भने,” *यहाँनिर* या *त्यहाँनिर* होइन। “ममा वास गर, र मेरो वचन तिमीमा वास गर्यो भने; जे पनि माग्छौ, वा जे पनि तिमी भन्छौ, त्यो तिम्रो निम्ति गरिनेछ।” उहासंग शक्ति छ।

182 ध्यान दिनुहोस्, उनी बाहिर निक्लेर आउनुभन्दा अगाडि, उनलाई बाहिर लगिन पर्दछ र सफाई गरिनुपर्दछ। उनी राजासंग भेट गर्नुभन्दा पहिले केहि कुराहरुको सफाई गरिनु पर्दछ।

183 ओ, परमेश्वरले कहिलेकाहि आफ्ना मानिसहरुलाई त्यसरी बाहिर निकालेर ल्याउनुहुन्छ, र तिनीहरुका आफ्नै केहि इच्छाहरु सफाई गर्नुहुन्छ, तिनीहरुले जे चाह्यो त्यहि नै तिनीहरुले गर्न पाउदैनन् भनि देखाउनुहुन्छ। मैले भन्न खोजेको कुरा तपाईहरु जान्नुहुन्छ। तिनीहरु—तिनीहरुले जे इच्छा गर्यो त्यहि गर्न पाउने स्वतन्त्रतामा तिनीहरु छैनन्। तिनीहरु पूर्ण सामर्थ्य र ख्रीष्टको प्रेमको दास बन्न आउनु भन्दा पहिला, तिनीहरुमा सफाई गरिनुपर्दछ र त्यसपछि प्रस्तूत गरिन्छ। कहिलेकाहि उहाले तिनीहरुलाई मरुभूमिमा लानुहुन्छ, तिनीहरुमा सफाई गर्नको निम्ति लानुहुन्छ। त्यसपछि तिनीहरुलाई बाहिर ल्याउनुहुन्छ, एक अभिषिक्तको रूपमा, त्यो उदेश्य पूरा गर्नको निम्ति जुन उहाले तिनीहरुलाई बनाउनको निम्ति नियुक्त गर्नुभएको थियो। बुझ्नुभयो, मैले के भन्न खोजेको?

भाईहरु हामी अन्त्यको समयमा छौ।

184 स्मरण गर्नुहोस्, अरु सबै समयमा, उहाले के के गर्नुभयो। उहाले जहिले पनि एक व्यक्ति लिनुपर्दछ र उनलाई उहामा एक कैदि बनाउनुहुँदछ, आफैलाई त्याग्न लगाउनुहुन्छ। उनले सबै कुराहरु त्यागिदिए जुन उनले जानेका थिए, उनको सबै प्रशिक्षणहरुलाई भूलिदिए, परमेश्वरको इच्छा जान्न र परमेश्वरलाई पछ्याउन उनले सबै कुरा भुलिदिए।

185 उनले कुनै पनि मानिसले गर्न पर्ने कुरा र परमेश्वरलाई एकै समयमा पछ्याउन सक्दैन। त्यो पूर्ण रूपमा एक अर्काको विपरित हुन्छ। तपाई एकै समयमा पूर्व र पश्चिममा जान सक्नुहुन्न। तपाई एकै समयमा दाँया र बाँया तपाईले एकै समयमा सहि र गलत काम गर्न सक्नुहुन्न। तपाईले मान्छे र परमेश्वरलाई एकै समयमा पछ्याउन सक्नुहुन्न।

186 अब, त्यसपछि, यदि तपाईले परमेश्वरलाई पछ्याउदै हुनुहुन्छ र आफैलाई परमेश्वरमा सुम्पनुभएको छ भने, तब तपाई परमेश्वरमा, वचन र उहाको इच्छामा एक कैदि बन्नुहुन्छ। अरुकसैले जे सुकै भनोस् तर तपाई एक कैदि बन्नुहुन्छ।

187 सुन्नुहोस्। हामी अन्तिम समयमा छौ। र यस केहि केहि मिनेट बित्दै जादा म यो श्रद्धा र आदरको साथ भन्न चाहन्छु। र मेरो रायमा त यो छ कि, हेर्नुहोस्, परमेश्वर यस अन्त्यको दिनमा यो पक्कै पनि गर्नुहुनेछ र गर्नुहुन्छ, उहाले यो गर्नुहुन्छ कि यस समयमा फसलको लागि एक औजार खोज्नुहुन्छ। उहाले एउटा औजार खोज्नुपर्नेछ, फसल काट्नको निम्ति। कुनै पनि किसान जब उनी फसल काट्न जान्छ उसंग काट्नको निम्ति कुनै औजार हुनुपर्दछ; निश्चयनै, उनी संग कुनै धारिलो हसिया वा अरु त्यस्तै, कुनै यन्त्र चाहिन्छ, ताकी भूष अलग गरेर अन्न काटेर बाहिर ल्याउन सकोस्। र उनको फसल पाकिसकेको हुँदछ।

188 परमेश्वर, हामीलाई तपाइको हातमा लिनुहोस्। हामीलाई तपाईको प्रेमको बन्दि–दास बनाउनुहोस्। हामीलाई औजारको रुपमा प्रयोग गर्नुहोस्, कि हामी यस पापमय श्रापित पृथ्वीमा जहाँ हामी आज जीईरहेका छौ यो आभास लिएर आउनुहोस् कि येशू ख्रीष्ट हिजो, आज र सधै भरि एकै समान हुनुहुन्छ।

189 मेरो लागि, परमेश्वर, तपाईको एउटा कैदि बनाउनुहोस्। यदि मेरा दाजुभाईहरुले मलाई त्यागे, यदि मेरा मित्रहरुले मलाई त्यागे तापनि, म येशू ख्रीष्टको र उहाको वचनको एक कैदि हुन चाहन्छु, ताकी म उहाको वचनमा पवित्र आत्माद्वारा जुवा लगाईन सकू, ताकी यो देख्न सकू कि पवित्र आत्माले परमेश्वरको वचनलाई त्यहि कामद्वारा पुष्टि गरेको होस् जसको बारेमा उहाले भन्नुभएको थियो, त्यहि गर्न सकेकोहोस्। म येशू ख्रीष्टको एउटा कैदि बन्न चाहन्छु।

आउनुहोस्, हामी प्रार्थना गरौ।

190 हाम्रो शिर झुक्दै गर्दा, आज राति, म सोच्दछु, यदि हाम्रा ती महत्वाकांक्षाहरु जुन हामीसंग छ, केहि बन्ने इच्छाको, या हुनसक्छ केहिकुरा जुन हामीले सोच्छौ होला, एक स्वार्थी कुराहरु, सोच्दछु यदि हामीले त्यसलाई केवल एकतर्फी राख्न सकेनौ भने।

191 म सोच्दछु यदि कोहि जवान केटा यहाँ, आज राति, हेर्दछ, अनि भन्दछ, “म जब ठुलो हुनेछु, म *यस्तो–यस्तो* बन्नेछु।” सोच्दछु कि यदि तपाईले परमेश्वरको इच्छा तपाईको जीवनमा महसूस गर्नुभएको छ र भन्नुहुन्छ, “होइन, होइन। म––म...मेरा महत्वकांक्षाहरु हराउछु अब। गत केहि दिनहरुबाट पवित्र आत्मा मसंगै बोल्दैहुनुहुन्छ। म––म––म––म आफैले आफैलाई परमेश्वरमा दिन चाहन्छु, ताकी यस अन्तिम समयमा भूषबाट अन्न अलग गर्ने एउटा औजार बन्न सकू।”

192 कोहि जवान युवती हुनसक्छ जसले एक असल चरित्र भएको केटि बन्ने महत्वकांक्षा बोकेको होस्, या––या जसलाई एउटा सुन्दर स्त्री बन्ने इच्छा भएको होस्, या कुनै दिन हलीवूडमा आफ्नो पेशा बनाउने इच्छा होला, कि मलाई आश्चर्य छ कि के तपाई आज परमेश्वरको उपस्थितिमा आफ्नो इच्छाहरु परमेश्वरको वचनमा समर्पित गर्नको लागि र

आफ्नो जीवनमा पर्मेश्वको बोलाहट सुन्नको लागि इच्छुक हुनुहुन्न? परमेश्वर जान्नुहुन्छ कि तपाई को हुनुहुन्छ भनि।

193 म सोच्दछु यदि त्यहा नजिकै सेवक हुनुहुन्छ या दास हुनुहुन्छ, एक सेवक मण्डलीमा कहिँ हुनुहुन्छ भने। म यहाँ कहिलेकाहि आउदछु। म आजराती यहा बसिरहनुभएको एक तिहाई मानिसहरुलाई चिन्दिन, तर म...केहि थोरै जतिलाई चिन्दछु जो यहाँ हुनुहुन्छ। म सोच्दछु, यदि त्यहाँ कोहि यस्तो व्यक्ति भईदिएको भए, जो यो भन्ने इच्छामा होस्, "मलाई वास्ता छैन अरुले के भन्नेछ। म अब परमेश्वरको दास हू। म—म—म कुनै कुराको बेवास्ता गरेर उहाको वचन प्रचार गर्न जाँनेछु। मलाई वास्ता छैन, मेरो संस्थाले मेरो विरुद्धमा जे गरेपनि, म अझै पनि त्यहि वचनमा रहिरहनेछु। म—म यो गर्नेछु। मेरो इच्छा अब परमेश्वरको इच्छा हो। परमेश्वरको इच्छा नै मेरो इच्छा हो। म येशू ख्रीष्टको एउटा कैदि बन्न जादैछु। परमेश्वरको अनुग्रह र मद्धतद्वारा म यो गर्नेछु।"

194 हामी हाम्रो शिर झुकाउदै गर्दा, यसको विषयमा सोच्नुहोस्। आज राति, कति जनामा त्यो महत्वकांक्षा छ? के तपाईले हात उठाउनुहुन्छ। त्यो मेरो पनि यस्तै इच्छा थियो। म सबैथोक सुम्पिदिन्छु। हाम्रो शिर झुकाउदै गर्दा, सुस्तरी अब, जसै तपाई यसको विषयमा सोच्दै हुनुहुन्छ, प्रार्थना गर्दैगर्दा सोच्नुहोस्।

सबथोक दिन्छु म,
सबथोक दिन्छु म,
सबथोक तपाईमा, मेरो आशिषित मुक्तिदाता,
सबथोक दिन्छु म।

म सबथोक...

195 के तपाईको वास्तवमै यहि अभिप्राय छ? "म एउटा कैदि बन्न चाहन्छु।

म...

मलाई लिनुहोस्, प्रभु। आजराती मलाई तल कुमालेको घरमा लानुहोस्। मलाई पूरा तोड्नुहोस्, र फेरी जोड्नुहोस, यहाँ।"

...सबथोक तपाईमा, मेरो आशिषित मुक्तिदाता,
सबथोक दिन्छु म।

196 स्वर्गीय पिता, जसै गीत बज्दै गर्छ, मैले सोचे यो समय सबैभन्दा फाईदजनक छ, म गीतको विचमा यो छोडेर केहि मात्र क्षणको निम्ति तपाईसंग बोल्न चाहन्छु । जस्तो मानिसहरुले सोचिरहेका छन्, "म सबथोक सुम्पन्छु," पिता, हामीले यो गर्नसकेको होस्, जस्तो कि यो हाम्रो अन्तिम अवसर भएको होस्। हामीलाई इमान्दारिता पूर्वक आउन दिनुहोस्, जस्तो छौ त्यस्तै रूपमा प्रभुको मेचमा आऔ, धोईएको पोशाकका साथ, धोईएको प्राणहरुका साथ, धोईएका इच्छाहरुका साथ, धोईएका महत्वकांक्षाहरुका साथ, हामी आफैलाई आत्मसमर्पण गर्न।

197 र परमेश्वरलाई उहाको वचन लिन दिनुहोस्, त्यहि वचनमा हामीलाई संगै जुवामा जोत्न सक्नलाई, उहाको वचनमा। र हुनसकोस् कि पवित्र आत्माले हामीलाई लिनुभएको

होस् जसै आजराती देखिनै आफ्नो हृदयमा त्यस जुवालाई घुमिरहेको सुन्दछौ, “आजराती देखि नै म तपाईलाई तपाईको वचनमा लिदछु। अब आफ्नै सोचाई र विचार नसोच्। मेरो विचारहरुमा सोच्। मेरो इच्छालाई विचार गर्। म तलाई अगुवाई गर्नेछु।” परमेश्वर, यी प्रदान गर्नुहोस् ताकी यो हामी प्रत्येकलाई अनुभाव होस्।

198 यी जवान मानिसहरु जो यहाँ बसिरहेका छन्; श्रीमान् र श्रीमती, र कोहि श्रीमान् र श्रीमती बन्न आउदैछन्। यहाँ वृद्धा व्यक्ति बसिरहनुभएको छ, जो सेवक हुनुहुन्छ, लामो बाटो भएर आउनुभयो। र, प्रभु, यहाँ भाई नेभिल, म, सिढीबाट माथि पुगिसकेका छौ। हाम्रा दिनहरु गिन्ती भएको छ। हाम्रा कदमहरु हामीले बनाएका भन्दा अझै सतर्कतासाथ बनाईएक छन्। हामी दृष्टि राख्दछौ कि हामी कहा कदम राख्दछौ। शारीरिक रूपमा भन्नुपर्दा, हाम्रो कदम निस्चितरूपमा भएको छैन जस्तो हुने गर्दथ्यो। तर, प्रभु जसै हामी देख्छौ कि यी मरणशील जीवन ओईलाउदै गएको छ, र हामी मध्ये कसैको पनि कदम तपाईले हाम्रो हात समाते बिना निस्चय छैन।

199 अब, परमेश्वर, हामीलाई लिनुहोस्, के तपाई गर्नुहुनेछ? हाम्रो हृदय र इच्छाहरु तपाईको हातमा लिनुहोस्, र हामीलाई आज राती तपाईको वचनमा, ख्रीष्टमा कैदि बन्न दिनुहोस्। हामी इश्वरी जीवन जिउन सकेको होस् यहाँ। हुन सकोस् यी महिलाहरु, यी जवान स्त्रीहरु, यी युवकहरु, केटाहरु र केटिहरुले तिनीहरुको जीवन प्रभुमा सुम्पन सकेकोहोस्। र तिनीहरुको महत्वकांक्षा येशू ख्रीष्टलाई सेवा गर्ने महत्वकांक्षा बनेको होस्। र हामी सबै उहाको इश्वरीय अनुग्रह र इच्छाको एउटा कैदि बन्नसकौ। प्रदान गर्नुहोस्, प्रभु।

200 प्रभु, यहि नै सबै हो जे मैले गर्नुपर्ने भनि जान्दछु। यी साना टुक्रिएका शब्दहरु, र म—म भरोसा राख्दछु तपाईले त्यसलाई सहि तरिकामा एकठाउमा राख्नुहुनेछ। किनभने यहाँ भित्र गर्मी छ, र मानिसहरुले सुन्न चाहेका छन्, तर यहाँ वास्तवमै गरम छ। र धेरै जना घर जान पर्नेछ र काममा सबेरै जान पर्नेछ। तर ती बिउहरु केवल त्यो हृदयमा बस्न सकेको होस्, “एक कैदि।”

201 घर जानुहोस् र श्रीमतीलाई भन्नुहोस्, जसै तिनीहरुले...कि यो दिउसो आराम गर्नलाई प्रार्थना गर्न तयार हुनभन्दा अगाडि, या यस रात, पलंगमा सुत्न जान भन्दा अघि, एक अर्कालाई हेर्नुहोस् र भन्नुहोस्, “प्रिय, त्यसको बारेमा के छ आज राति? के हामी वास्तवमै ख्रीष्ट र उहाको इच्छाको कैदि भएका छौ, वा—वा के हामी आफ्नै इच्छाबाट काम गरिरहेका छौ?”

202 हुनसकोस्, हर ठाउमा जवान युवक र जवान युवाती, विशेष गरि जसले संदेश आज राति सुन्नुभएको छ, तिनीहरुमा त्यस प्रश्न सोध्नुहोस्, “के म आफ्नै जीवन त्यागेर एक कैदि बन्न इच्छा गरेको छु?”

203 “त्यो जसले आफ्नो जीवन बचाउछ त्यसले गुमाउनेछ, तर त्यो जसले आफ्नो जीवन मेरो खातिर गुमाउछ त्यसले पाउनेछ।” पिता, हामी यो जान्दछौ कि: तपाइको एक कैदि बन्दा, हामीले तपाइको इच्छा पाउनको निम्ति आफ्नै महत्वकांक्षाहरु र आफ्नै इच्छाहरु गुमाउछौ। तब हामीसंग अनन्त जीवन हुदछ। प्रदान गर्नुहोस्, प्रभु।

204 मात्र मैले जानेको कुरा यो हो कि, ती सबै तपाईको हातमा सुम्पनुपर्दछ। र यो फलदायी हुनसकोस् र अन्तिम समयको फसलको निम्ति महान्—महान् औजार ल्याएको होस्, पूरुष र स्त्रीहरु, केटा र केटीहरुले पूर्ण रुपमा परमेश्वरको इच्छामा आत्मसमर्पण गर्न सकोस्, र येशू ख्रीष्टमा, उहाको प्रेममा कैदिहरु बन्नसकोस्, ख्रीष्टको दिव्य प्रेमको जन्जिरमा हत्कडी लगाउन सकेको होस्। हामी माग्छौ येशू ख्रीष्टको नाउमा।

सबथोक दिन्छु म,

आउनुहोस् उठौ

सबथोक दिन्छु
सबै तपाईलाई, मेरो...?...

205 फेरी पनि त्यहि नै भनौ, हाम्रो आँखा बन्द गरेर र हात उठाएर।

सबथोक दिन्छु म,
सबथोक दिन्छु म,
सबथोक तपाईमा, मेरो आशिषित मुक्तिदाता,
सबथोक दिन्छु म।

206 अब यदि हामीले हाम्रो शिर झुकाई, र सभालाई समाप्ति गर्ने गीत बझ्नुभन्दा पहिले *येशूको नाउ तपाईसंग लिनुहोस्*, म यो भाईलाई यहाँ सोध्न जादैछु...मैले उहाको नाउ भुले। त्यस बहिनि जसले अन्धकार आईरहेको दर्शनको गवाहि दिनुभएको थियो, जो निको पारिएको थियो। र याद गर्नुहोस्, पछाडि हेर्दा त्यो पर्दा गैसकेको थियो। उनको विश्वासले त्यो गरेको थियो। के तपाई हामीलाई प्रार्थनाको साथ बिदा गर्नुहुन्छ भाई? र परमेश्वरमा हाम्रो निम्ति आशिष पनि मगीदिनुहोस्।

**एक कैदि** NEP63-0717

(A Prisoner)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा इंग्लिशमा बुधबार साँफ जुलाई 17, 1963, ब्रन्हाम टेबरनेकल, जेफरसनविल, इंडियाना, यु.एस.ए मा प्रचार गरिएको थियो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2018 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.


For more information or for other available material, please contact:


Voice Of God Recordings

P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.

www.branham.org